# पोखरा महानगरपालिका

## गण्डकी प्रदेश, कास्की



# राजस्व सुधार योजना

## अन्तिम प्रतिवेदन

## वैशाख, २०७७

## विषय सूची


१. पृष्ठभूमि ........ ३
२. राजस्व सुधार योजनाको परिचय ........ ३
२.१ राजस्व सुधार योजनाको उद्देश्य ........ ४
२.२ राजस्व सुधार योजना तर्जुमाको विधि ........ ४
२.२.१ राजस्व सुधार योजना तर्जुमा कार्यशाला ........ ४
२.२.२ तथ्यांक/सूचना संकलन ........ ४
२.२.३ तथ्याङ्क विश्लेषण तथा मस्यौदा योजना तयारी ........ ५
२.२.४ योजनाको अन्तिम रुप ........ ५
३. महानगरपालिकाको विद्यमान अवस्था ........ ५
३.१ संक्षिप्त परिचयः ........ ५
३.२ राजस्व प्रशासनमा संलग्न मानव संसाधन ........ ७
३.३ भौतिक सम्पत्ति ........ ८
३.४ विगतको आय परिचालनको अवस्था ........ ८
४. महानगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १०
४.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ १०
४.२ आन्तरिक स्रोतको आय सम्भाव्यता ........ १४
४.२.१ कर राजस्व ........ १४
४.२.२ गैर–कर राजस्व ........ २०
५. नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........ २८
६. आगामी तीन वर्षको आय प्रक्षेपण ........ ३८
६.१ कोभिड १९ र बन्दाबन्दीको राजस्व संकलनमा पर्ने असर आकलन ........ ३८
६.२ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........ ३८
६.३ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........ ४२
७. निष्कर्ष तथा सुझावहरु ........ ४६
७.१ महानगरपालिकाको आय संक्षेपमा ........ ४६
७.२ महानगरपालिकाको आन्तरिक आयमा मुख्य स्रोतहरु ........ ४६
७.३ राजस्व प्रशासन सुधारका प्राथमिकताहरु ........ ४७
७.४ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ........ ४८
७.५ कोभिड १९ को कारणले घोषित बन्दाबन्दीको प्रभावलाई संबोधन गर्न प्रस्तावित राजस्व नीति ........ ४८

# पोखरा महानगरपालिका
# राजस्व सुधार योजना

## १. पृष्ठभूमि

पोखरा महानगरपालिका बेलायत सरकारको अन्तर्राष्ट्रिय सहायता विभाग (DFID) को सहयोगमा सञ्चालित सुदृढ - NURP (Nepal Urban Resilience Project) परियोजना अन्तर्गत शुरुवाती चरणमा छनौट भएका तीनवटा मध्येको एक नगरपालिका हो । परियोजनाको क्षमता विकास सहयोग कार्यक्रम अन्तर्गत पहिलो वर्षमा महानगरपालिकाको राजस्व सुधार योजना तर्जुमा गर्ने र त्यस पछिका वर्षहरुमा दुबै पक्षको सहमतिमा प्राथमिकताप्राप्त तीन वटा सुधार क्रियाकलापहरुको कार्यान्वयनमा सहयोग गर्ने कार्ययोजना रहेको छ । परियोजनाको कार्ययोजना अनुसार पोखरा महानगरपालिकाको यो राजस्व सुधार योजना तयार गरिएको छ । यस योजनामा निम्न विषयवस्तुहरूलाई समेटिएको छ ।

- राजस्व सुधार योजनाको परिचय
- महानगरपालिकाको विद्यमान अवस्था
- महानगरपालिकाका राजस्व अधिकार तथा आय संभाव्यता
- आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
- राजस्व सुधार कार्ययोजना
- आगामी तीन वर्षको आय प्रक्षेपण
- निष्कर्ष तथा सुझाव

## २. राजस्व सुधार योजनाको परिचय

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई बृद्धि गर्न आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकूल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर, शुल्क तथा दण्ड जरिवाना जस्ता अधिकार प्रदान गरेको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने समेत व्यवस्था छ ।

स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारहरुलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांक प्रणालीको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।

यस दस्तावेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा महानगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, महानगरपालिकाको आन्तरिक आय सुधारकालागि सहभागीतात्मक विधिबाट समस्या तथा अबसरहरूको पहिचान गरी मुख्य उपलब्धिका रुपमा नगरपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी महानगरपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

## २.१ राजस्व सुधार योजनाको उद्देश्य

महानगरपालिकाको आन्तरिक आयका संभावनाहरुको पहिचान तथा अधिकतम परिचालनकालागि देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा महानगरपालिकालाई सहयोग पुर्‍याउनु नै यस योजनाको मुलभूत उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- स्थानीय सरकारको आय अधिकार तथा सुधार योजनाका सम्बन्धमा प्रमुख, उपप्रमुख, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू तथा उद्योग वाणिज्य संघ संस्थाका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- आन्तरिक राजस्व परिचालनका सम्पुर्ण पक्षहरुलाई समेटी त्यस विषयमा सूचना संकलन तथा विश्लेषण गरी कूल राजस्व संभाव्यता अनुमान गर्ने ।
- सहभागीतात्मक विधि अवलम्बन गरी राजस्व प्रशासनका सम्पूर्ण पक्षहरु समेटी सुधारकालागि गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने ।
- राजस्वको कूल सम्भाव्यता तथा राजस्व सुधार योजनाको आधारमा आगामी ३ वर्षकालागि राजस्वको प्रक्षेपण गर्ने ।
- राजस्व परामर्श समितिलाई राजस्व नीति तर्जुमा, कर तथा शुल्कको दररेट निर्धारण तथा आगमी ३ वर्षको आय प्रक्षेपण गरी आय बजेट तर्जुमामा सहयोग गर्ने ।

## २.२ राजस्व सुधार योजना तर्जुमाको विधि

### २.२.१ राजस्व सुधार योजना तर्जुमा कार्यशाला

मिति २०७६ साल माघ २४ गते पोखरा महानगरपालिकाको बैठक कक्षमा महानगरपालिकाका प्रमुख अध्यक्षता तथा उपप्रमुख तथा राजस्व परामर्श समितिको संयोजकको संयोजनमा आधा दिनको राजस्व सुधार योजना तर्जुमा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालामा महानगरपालिकाका प्रमुख, उपप्रमुख, नि. प्रमुख प्रशासकीय अधिकृत, पोखरा तथा लेखनाथ उद्योग तथा वाणिज्य संघ संस्थाका प्रतिनिधिहरु, सेवा केन्द्र प्रमुखहरु, महानगरपालिकाका वित्त व्यवस्थापन तथा राजस्व प्रशासन शाखामा कार्यरत सबै कर्मचारीहरु तथा वडा सचिवहरु गरी जम्मा ६३ जना (महिला २२, पुरुष ४१) को सहभागीता रहेको थियो ।

कार्यक्रममा महानगरपालिकाका प्रमुखको मन्तव्य पश्चात करका सैद्धान्तिक विषय र स्थानीय तहको राजस्व अधिकारका वारेमा अभिमुखीकरण गरिएको थियो । अभिमुखीकरण पश्चात सहभागीहरुलाई विभिन्न ८ समूहमा विभाजन गरी महानगरपालिकाको राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरु पहिचान गरी प्लेनरीमा प्रस्तुत गरिएको थियो ।

### २.२.२ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परियोजना अन्तर्गत कार्यरत नगरपालिका सहयोग टोली सदस्यहरुद्वारा विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- नगरपालिकाको वस्तुगत विवरण
- राजस्व प्रशासनिक व्यवस्था
- विगत दुई आर्थिक वर्षको यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण

### २.२.३ तथ्याङ्क विश्लेषण तथा मस्यौदा योजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूका आधारमा विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

### २.२.४ योजनाको अन्तिम रुप

महानगरपालिकामा पेश गरिएको राजस्व सुधार योजनाको खाकामाथि महानगरपालिकाका शहरी योजना आयोगका उपाध्यक्ष, आर्थिक प्रशासन शाखा प्रमुख, राजस्व प्रशासन शाखा प्रमुख, कर अधिकृत, सुदृढ परियोजनाको विषय विज्ञ तथा नगरपालिका सहयोग टोली बीच २०७७ बैशाख २४ गते स्काईपमा छलफल भई सुझाव संकलन गरिएको थियो । प्राप्त सुझावहरुहरुलाई समावेश तथा महानगरपालिकाबाट थप सूचना सङ्कलन गरी राजस्व सुधार योजनाको मस्यौदा तयार भई सो मस्यौदा माथि बैशाख २६ गते प्राप्त सुझावहरुलाई समावेश गरी यो प्रतिवेदनलाई अन्तिम रुप दिई महानगरपालिकामा पेश गरिएको छ ।


## ३. महानगरपालिकाको विद्यमान अवस्था

पोखरा महानगरपालिकाको राजस्व परिचालनसंग सम्वन्धित आन्तरिक तथा वाह्यपक्षहरुलाई यस अन्तर्गत विश्लेषण गरिएको छ ।

### ३.१ संक्षिप्त परिचयः

वि.सं. २०१६ सालमा गठन भएको पोखरा महानगरपालिका नेपालका पुराना नगरपालिकाहरु मध्येको एक हो । यो महानगरपालिका कास्की जिल्लामा पर्दछ र गण्डकी प्रदेशको राजधानी घोषणा भएको छ । यस २०७१ साल पौष २८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भई साविकको उपमहानगरपालिकामा छिमेकका १० गाउँ विकास समितिका क्षेत्र (लामाचौर, भलाम, काहुँ, आर्वाविजय, निर्मल पोखरी, कृष्तिनाच्नेचौर, पुम्दीभुम्दी, सराङ्गकोट, हेम्जा र अर्मला) समावेश भई १८ बाट २८ वडा कायम भएको थियो । राज्य पुरर्संरचनाको क्रममा २०७३ साल फाल्गुण २७ गते लेखनाथ नगरपालिका र चार गाउँपालिका (पुरन्चौर, मौजा, चापाकोट, कास्कीकोट) पुरै तथा तीन गाउँ विकास समिति (भदौरेतमानी, माझठाना, र कालिका) का १९ वडा समावेश गरी महानगरपालिका घोषणा भएको थियो । प्रशासनिक रुपमा कूल ३३ वटा वडामा विभाजित पोखरा महानगरपालिकाको पूर्वमा तनहुँ जिल्ला र रुपा गाउँपालिका, उत्तरमा मादी गाउँपालिका, पश्चिममा माछापुच्छे र अन्नपूर्ण गाउँपालिकाका साथै पर्वत जिल्ला र दक्षिणमा स्याङ्जा जिल्ला रहेको छ । क्षेत्रफलको हिसावले यस महानगरपालिका ४६४.२४ वर्ग कि.मी. मा फैलिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार पुनर्संरचित पोखरा महानगरपालिकाको जनसंख्या ४,०२,९९५ थियो भने वार्षिक जनसंख्या बृद्धिदर करिव ३.५ प्रतिशत अनुमान गरिएको छ । साथै कूल घरपरिवार १,०५,६३० रहेका थिए जहाँ प्रतिपरिवार जनसंख्या ३.८१ रहेको थियो । यसको आधारमा २०७६ सालमा यस महानगरपालिकाको जनसंख्या करिव ५,३२,००० र परिवार संख्या करिव १,४०,००० पुगेको अनुमान गर्न सकिन्छ । महानगरमा करिव ५६ प्रतिशत परिवार आफ्नै घरमा बसोबास गरेका छन् भने करिव ४० प्रतिशत परिवार भाडाको घरमा बसेका छन् ( नगर/गाँउपालिकाहरुको वस्तुस्थिती, कास्की जिल्ला २०७४) ।




**Changes in Land Use Patterns of Pokhara Metropilitan City from 1990 to 2018: Figure (a)-1990, (b)-2000, (c)-2018.**
Source: Rai, Raju; Yili, Zhang; Paudel, Basanta; Khanal, Narendra & Acharya, Bipin (2020), *Satellite Image-Based Monitoring of Urban Land Use Change and Assessing the Driving Factors in Pokhara and Bharatpur Metropolitan Cities, Gandaki Basin, Nepal*
Journal of Resources and Ecology (V-11)

यो महानगरपालिका काठमाण्डौंसंग पृथ्वी राजमार्ग, बुटवल–पोखरा (सिदार्थ) राजमार्ग, र पोखरा–बाग्लुङ–मुस्ताङ (भुपी) राजमार्गको संगमस्थलका रुपमा रहेको छ । काठमाडौंबाट २०० किलोमिटर पश्चिममा यस पोखरा महानगरपालिका भुगोलका हिसावले सबैभन्दा ठुलो महानगर र व्यापार व्यबसायका हिसावले काठमाडौं पछिको दोश्रो ठुलो र व्यस्त व्यापारिक केन्द्र पनि हो । वडा नम्बर ९ मा रहेको आन्तरिक विमान्स्थलबाट देशका विभिन्न शहरसँग हवाईमार्ग मार्फत जोडिएको यो महानगरपालिकामा निर्माण भईरहेको क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निकट १ वर्ष भित्र सञ्चालनमा आउने तयारीमा छ ।

यस महानगरक्षेत्रमा रहेका फेवा ताल लगायतका अन्य तालहरु, नजिकै देखिने हिमश्रिङ्खला तथा अन्नपूर्ण पर्यटन मार्ग र मुक्तिनाथ क्षेत्रको प्रवेश नाका भएको कारणले यो नगर राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटनको केन्द्रका रुपमा विकसित भै रहेको छ । फलस्वरुप, पोखरा महानगरलाई नेपालको पर्यटकीय राजधानीका रुपमा चिनाउन थालिएको छ र यसको आर्थिक गतिविधिमा पर्यटन उद्योगको महत्वपूर्ण योगदान रहेको छ । पर्यटन बाहेक पोखराको आम्दानीको प्रमुख स्रोत विदेशबाट प्राप्त हुने विप्रेषण पनि हो । परम्परागत रुपमा बेलायती र भारतीय सेनामा सेवा गरेर फर्कनेहरुले ल्याउने रकम र सेवा निवृतहरुको पेन्सनमा अडेको यहाँको विप्रेषण अहिले भने खाडीदेखि युरोप अमेरिका र जापानमा कार्यरत अदक्ष, अर्धदक्ष देखि विज्ञ नेपालीहरुको श्रम सिप र पसिनाको आर्जनबाट प्राप्त हुन्छ ।

पछिल्लो पटक लेखनाथ नगरपालिका र अन्य गाँउ विकास समितिहरु पनि समेत समावेश भएकाले पोखरा महानगरपालिका थप विविधतायुक्त बनेको छ । साबिकको पोखरा उपमहानगरपालिकाका अधिकांश क्षेत्रमा शहरी विशेषता छन् । पछि समावेश भएका केही क्षेत्र र लेखनाथ नगरपालिका क्षेत्रमा तिब्र शहरीकरण सहित विकासशील शहरका विशेषता छन् । यसका अतिरिक्त साविकका केही गा.बि.स. क्षेत्रमा अझै पनि निर्वाहमुखी कृषि प्रणाली सहितको ग्रामिण विशेषता छ । अत: कूल जनसंख्याको ४६ प्रतिशत मानिस कूल भुगोलको ६ प्रतिशत भुभागमा बसोबास गरेका छन् भने बाँकी ५४ प्रतिशत मानिस अरु ९४ प्रतिशत भुभागमा छरिएर रहेका छन् ।

आर्थिक गणना २०७५ अनुसार यस महानगरक्षेत्रमा २८,२१५ व्याबसायिक इकाइहरु सञ्चालनमा रहेको देखाएको छ जस मध्ये करिब ३९ प्रतिशत (११०५४) व्याबसायिक इकाइ कुनै पनि सरकारी निकायमा दर्ता भएका छैनन् । त्यसैगरी, व्याबसायिक क्षेत्रमा कूल १,०४,४६९ जनाले रोजगारी प्राप्त गरेकामा १८.३२ प्रतिशत (१९,१४०) जना अनौपचारिक क्षेत्रमा कार्यरत छन् । यहाँमा मुख्य व्याबसायिक प्रतिष्ठानहरुमा थोक तथा खुद्रा व्यापार, मर्मत समेत (१५२७९), पर्यटन तथा आतिथ्य, रेष्टुरेण्ट समेत (५३०४), औद्योगिक उत्पादन (२६७९), घरजग्गा लगायत अन्य पेशा (२४९२), शिक्षा (८००), बैंक, वित्तीय तथा विमा (५४३), स्वास्थ्य तथा सामाजिक सेवा (५१३), कृषि, वन तथा

मत्स्य (३१५), यातयात, भण्डार तथा सुचना प्रविधि (१४८) र खानी, निर्माण, जलविद्युत तथा पानी (१४२) रहेका छन् ।२०७५ को तथ्यांक (स्रोतः तलको चित्र) अनुसार कूल ४६४.२४ वर्ग कि.मी. क्षेत्रफलमा ४६.२० प्रतिशत भूभाग (४,२१,६०० रोपनी) कृषिमा उपयोग भएको देखिन्छ भने ८.०१ प्रतिशत भूभाग (७३,१०० रोपनी) ब्यापारिक, आबसीय, औद्योगिक जस्ता प्रयोजनमा प्रयोग भएको देखिन्छ। यसका अतिरिक्त ४१.११ प्रतिशत भूभाग (३,७५,१०० रोपनी) बनजंगलले ढाकेको छ। बाँकी जमिन मध्ये करिव ३ प्रतिशत जमिन पानीले ढाकेका, ०.९५ प्रतिशत बगर, ०.५५ प्रतिशत चरन र ०.२५ प्रतिशत खुला क्षेत्रले ओगटेको देखिन्छ।

२०६८ सालको राट्रिय जनगणना अनुसार यस महानगरमा करिब १,०५,६३० घरहरु रहे पनि करिव ९,७५२ (करिव ९ प्रतिशत) परिवारहरु अब्यवस्थित वासोवासीको रुपमा विभिन्न स्थानमा रहेका सार्वजनिक जमिनमा घर बनाई बसोबास गरेका अनुमान छ। पोखरा महानगरपालिकामा पछिल्ला वर्षहरुमा वार्षिक करिव ५,००० नक्सा पास हुने गरेको देखिन्छ।

## ३.२ राजस्व प्रशासनमा संलग्न मानव संसाधन

यस महानगरपालिकाकाको राजस्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योग तथा वाणिज्यसंग सम्वन्धित संस्थाहरुको प्रतिनिधिहरु समेत रहेको नौ सदस्यीय राजस्व परामर्श समिति गठन भै कार्यरत रहेको छ।

**तालिका १: राजस्व परामर्श समिति**

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | मञ्जुदेवी गुरुङ | उपप्रमुख | संयोजक |
| २ | धुर्ब कुमार पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | शारदा पराजुली | कार्यपालिका सदस्य | सदस्य |
| ४ | रबिन्द्र बहादुर प्रजु | कार्यपालिका सदस्य | सदस्य |
| ५ | दामु अधिकारी | अध्यक्ष पोखरा उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | बलराम ढकाल | अध्यक्ष लेखनाथ उद्योग वाणिज्य संघ | सदस्य |
| ७ | आनन्दराज मुल्मी | पुर्व अध्यक्ष, ने.उ.वा.संघ | आमन्त्रीत विज्ञ |
| ८ | डा.लेखनाथ भट्टराई | अर्थविद (पृथ्वी ना. क्याम्पस) | आमन्त्रीत विज्ञ |
| ९ | गणेश पाण्डे | राजस्व शाखा प्रमुख (अधिकृत सातौ) | सदस्य सचिव |

राजस्व प्रशासनका लागि वित्त व्यवस्थापन महाशाखा अन्तर्गतको एउटा राजस्व प्रशासन शाखाको स्थापना गरिएको छ। राजस्व शाखामा कार्यरत कर्मचारीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: राजस्व प्रशासन शाखामा कार्यरत कर्मचारीह□को विवरण (२०७६ फाल्गुण)**

| क्र.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| १ | अधिकृत सातौं प्रशासन | १ |
| २ | अधिकृत छैठौं प्रशासन | १ |
| ३ | अधिकृत छैठौं लेखा | १ |
| ४ | सहायक चौथो | ४ |
| ५ | सहायक तृतीय | १ |
| ६ | कार्यालय सहयोगी | २ |
| | **जम्मा** | **१०** |

महानगरपालिकाको राजस्व संकलन कार्यको जिम्मेवारी ३३ वटै वडा कार्यालयलाई समेत दिइएको छ । राजस्व संकलनका लागि वडा कार्यालयहरुले एक जना सहायक स्तरको कर्मचारीलाई जिम्मा दिई सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याई संकलन गरी आएको अवस्था छ ।

## ३.३ भौतिक सम्पत्ति

महानगरपालिकाको स्वामित्वमा रहेका जग्गाहरुमा सृजना चौकमा ४८३ वर्ग मिटरको जग्गा र सोमा वनेको वहुउद्देश्यीय भवन, पार्दी विरौटामा ८ रोपनी जग्गा क्षेत्रफलको पुरानो ल्याण्डफिल साइट भएको जग्गाका साथै नगरपालिका कार्यालय भवन, वारुणयन्त्र कार्यालय तथा वडा कार्यालयहरु रहेका भवन तथा जग्गाहरु रहेका छन् । यसका अतिरिक्त महानगरपालिकाको भोगचलनमा रहेका जग्गा तथा भवनहरुमा बगरको ३ आना जग्गामा रहेको पोखरा व्याबसायिक महिला क्लव, तेस्रापट्टीमा रहेको मासु पसल, न्यूरोडमा करिव १६.५ रोपनीमा फैलिएको सभागृह, लेकसाइटमा ३ आनामा रहेको चौकी भवन, लेकसाइटमा पाहुना घरको जग्गा तथा भवन, १२ आनामा महेन्द्र पुलमा रहेको पसलघर, नयाँबजारमा करिव १.५ रोपनीमा रहेको तरकारी पसलघर, नयाँबजारमा करिव १.५ रोपनीमा रहेको बस टर्मिनल भवन, कुँडहरमा रहेको अरण्ड्यज्योति पुस्तकालय र विभिन्न वडा कार्यालयहरु तथा वडा कार्यालयका परिसरका जग्गा रहेका छन् । यसका अतिरिक्त वाग्लुङ बसपार्कको निर्माण महानगरपालिकाबाट भएको थियो । लेखनाथ बसपार्क, लेखनाथको अर्घौ चोकमा भवन र पसल घर छ। साविक गाबिसहरु मध्ये वडा नं १८ सराङकोटमा एक सानो भवन रहेको छ ।

मेसिन तथा औजारमा महानगरपालिकासंग फोहरमैला व्यवस्थापनकालागि टिपर – ८ वटा, सक्सन तथा जेटिङ्ग मेसिन – २ वटा, सेप्टेज कलेक्टर – २ वटा, लोडर – २ वटा, ब्याक हो लोडर – २ वटा, ट्याक्टर डोजर – २ वटा र ट्याक्टर – २ वटा रहेका छन् । आगलागी नियन्त्रणको लागि ५ वटा वारुणयन्त्रहरु रहेका छन् ।

## ३.४ विगतको आय परिचालनको अवस्था

पोखरा महानगरपालिकाले आ.व. २०७४।७५ देखि मात्र वर्तमान संबैधानिक व्यवस्था अनुसार आय परिचालन गरीआएकोले सो आ.व. भन्दा अधिको आयलाई यस विश्लेषणमा समावेश गरिएको छैन । विगत २ वर्षको आयको तुलनात्मक विवरण हेर्दा राजस्वको लेखा प्रणालीमा समेत एक रुपता भएको देखिदैन । महानगरपालिकाको राजस्वको लेखा वर्तमान राजस्व संकेतको वर्गीकरण र ब्याख्या अनुरुप सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । महानगरपालिकाको विगत दुई वर्षको यथार्थ आय र चालु आ.व. २०७६।७७ को अनुमानित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ३: नगरपालिकाको राजस्व संकलनको अवस्था (रु. हजारमा)**

| राजस्व संकेत | शीर्षक | यथार्थ | | बजेट अनुमान |
|---|---|---|---|---|
| | | आ.व. २०७४।७५ Ω | आ.व. २०७५।७६ Ω | आ.व. २०७६।७७ |
| | **राजस्व तथा अनुदान** | **२,९३२,९१५** | **४,४६५,०५४** | **५,४०७,५०६** |
| | **संघीय सरकार** | **१,९२४,९९९** | **२,५८७,००५** | **२,०२३,५४०** |
| १३३११ | समानीकरण अनुदान | १,४१५,०४१ | ६१४,४०० | ६००,२०० |
| १३३१२ | सशर्त अनुदान चालु | ० | १,३०६,७५५ | १,१७३,३४० |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | | |
| १३३१४ | विशेष अनुदान चालु | | | |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | ० | ११४,५९९ | २५०,००० |
| १३३१८ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा, विदा, गरीबसंग विश्वेश्वर आदि)* | ५०९,९५८ | ४८१,३४२ | |

| | | | | |
|---|---|---|---|---|
| १३३१९ | अन्य अनुदान पूँजीगत (पूर्वाधार विकास कार्यक्रम, परियोजना आदि) | ० | ६९,९०८ | |
| | **प्रदेश सरकार** | **०** | **३६,२७५** | **५१,४४४** |
| १३३११ | समानीकरण अनुदान | ० | २०,५७३ | २१,४४४ |
| १३३१२ | सशर्त अनुदान चालु | | | २०,००० |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | ० | १५,७०२ | |
| १३३१४ | विशेष अनुदान चालु | | | |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | | १०,००० |
| | **अन्य आन्तरिक अनुदान** | **५१२,७६५** | **२४६,३२२** | **१२२,५००** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान *(सडक बोर्ड आदि)* | ८७,१७६ | ० | १२२,५०० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *(लागत सहभागीता)* | ४२५,५८९ | २४६,३२२ | |
| | **राजस्व बाँडफाट** | **५,०२२** | **५६७,०४२** | **४५८,१३९** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २,१४१ | २७०,८८२ | |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ० | २८४,६१८ | ३३९,९०० |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | | | ८०,००० |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | | ३८,२३९ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ५२७ | २,८०८ | |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | २,३५४ | ८,७३३ | |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | | | |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | | | |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | | |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | | |
| | **आन्तरिक स्रोत** | **४९०,१२९** | **१,०२८,४१२** | **२,७५१,८८३** |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | १४५,११८ | १३४,५२० | १३०,००० |
| ११३१४ | भूमि कर/मालपोत | ६१९ | ५९,३७० | १३०,००० |
| ११३२१ | घर बहाल कर | ६,४०४ | ६७,४७५ | १००,००० |
| ११३२२ | बहाल बिटौरी कर (शुल्क) | ० | ४६६ | १,००० |
| ११४५१ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा) | १४,७०८ | ८२ | |
| ११४७९ | अन्य मनोरंजन कर | | | ५६,००० |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्याबसायीक कारोवारमा लाग्ने कर | | | २,००० |
| ११६३२ | आखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जीवजन्तु कर) | १८,५३५ | ७,००० | २०,००० |
| ११६९१ | अन्य कर | | | ५०,७५७ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (सम्पत्ति भाडा) | ० | २१,४३५ | २५,००० |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | | |
| १४१९१ | पर्यटन शुल्क | ५,०३१ | ४,९२० | २०,००० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | | ५०० |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | | | ५०० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम (फाराम, पुस्तक, नक्सा आदि) | ० | ४,८९७ | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | |

| | | | | |
|---|---|---|---|---|
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (पार्क, कान्जी हाउस, फोहरमैला आदि तथा ढुङ्गा, वालुवा, माटो, काठ बिक्री समेत) | ५१,३०४ | २३१,६४० | ६५२,००० |
| १४२२१ | न्यायिक दस्तुर | | | १,००० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | ६०,२०० |
| १४२२४ | परीक्षा शुल्क | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | ५०० |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | २२६ | १५,००० |
| १४२४२ | नक्सापास दस्तुर | १०८,३३५ | १२४,८१४ | ७००,००० |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | ५६,९६६ | ६४,८६३ | १२५,००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३३ | ५९८ | २,००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १५९ | २,४३३ | २,२०९ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | ० | ८,९७७ | १६७,७१७ |
| १४२५३ | व्यबसाय रजिष्ट्रेशन दस्तुर | | | १३०,००० |
| १४२५४ | रेडियो, एफएम सञ्चालन दस्तुर | ० | १६७ | २,००० |
| १४२६५ | अन्य क्षेत्रको आय (सामुदायिक वनको आय समेत) | | | ३५१,००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,८७३ | १,८७१ | ६,००० |
| १४३१३ | धरौटी सदरस्याहा | ० | ३९ | |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | १,००० |
| १४५२९ | अन्य राजस्व | ४३,४७३ | २३७,९१० | ५०० |
| १४६११ | व्यबसाय कर | ३७,५७१ | ५३,७५३ | |
| १५१११ | बेरुजु | | | |
| १५११२ | निकासा फिर्ता | ० | ९५५ | |
| १५११३ | अनुदान फिर्ता | | | |
| | **वित्तीय सम्पत्ति तथा दायित्व** | **०** | **१६१,२३७** | **३२०,०००** |
| ३२१२१ | नगद | ० | १६१२३६।८५ | २२०,००० |
| ३२१२२ | बैंक मौज्दात | | | |
| ३३१४३ | अन्य संस्थाहरुबाट ऋण प्राप्ती | | | १००,००० |
| ३३१८२ | तिर्नुपर्ने विभिन्न अन्य खाताहरु | | | |
| | **जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व** | **२,९३२,९१५** | **४,६२६,२९१** | **५,७२७,५०६** |

स्रोतः महानगरपालिकाबाट प्राप्त सवन्धित आ.व. को वित्तीय विवरण तथा वजेट

नोटः Ω आ.व. २०७४।७५ र २०७५।७६ को आय विवरणलाई वर्तमान शीर्षकको बर्गिकरण र व्याख्या अनुसार मिलान गरिएको ।

## ४. महानगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस भागमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार महानगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट महानगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

### ४.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ( असविव्यऐ), २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

**(क) नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- भूमिकर (मालपोत): सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- व्यबसाय करः व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)
- सवारी साधन करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्याबसायिक उपयोग गरे बापत (स्थाससंऐ)

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यबसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ)

**ई) बिक्री गर्न सक्ने**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

**उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने । (स्थाससंऐ)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्वन्धीत नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

**ऊ) प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - *स्थानीय सहकारी संस्था*
  - *१०० बाट सम्मको एफएम रेडियो*
  - *घ वर्गको ठेक्का इजाजत*
  - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
  - *प्राविधिक शिक्षा तथा व्याबसायीक तालिम*
  - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
  - *ट्युसन, कोचिङ्ग*
  - *औषधि पसल*
  - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
  - *स्थानीय स्तरका व्यापारिक फर्म*
  - *स्थानीय तहका पत्र पत्रिका*
  - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
  - *स्थानीय स्तरका संघ संस्था*
  - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
  - *लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरुलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा संकलनका अन्य आधारहरुको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ। त्यसैगरी कर तथा शुल्क सङ्कलनकोलागि स्थानीय तहहरुले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन्।

**(ग) राजस्व बाँडफाँट (असविव्यऐ)**

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

(ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरीने।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारबाट सङ्कलन भएको मूल्य अभिबृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। त्यसैगरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करबाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्वन्धित स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। यसका अतिरिक्त स्थानीय तहबाट संकलन भएको कर तथा शुल्कको ४० प्रतिशत रमक सम्वन्धित प्रदेशलाई पठाउनुपर्ने व्यवस्था छ।

**(घ) अनुदान**

- वित्तीय समानीकरण अनुदान: खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- समपूरक अनुदान: पूर्वाधार बिकास सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- विशेष अनुदान: कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

संघीय तथा प्रदेश सरकारबाट प्रदान गरीने वित्तीय समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानकालागि स्थानीय तहहरुबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।

**(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपर्युक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकारक्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्:

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)

- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असूली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ( स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने ( असविव्यऐ)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ)

## ४.२ आन्तरिक स्रोतको आय सम्भाव्यता

### ४.२.१ कर राजस्व

#### क. सम्पत्ति कर

**हालको अवस्थाः** महानगरपालिकाको आर्थिक ऐन २०७६ ले नगरक्षेत्र भित्रको कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थाई संरचनाको मूल्यांकन गरी मूल्यांकनको आधारमा सम्पत्ति कर लगाउने व्यवस्था गरी सोही अनुसार कर संकलन गरी आएको छ । जग्गाको मूल्यांकन रजिष्ट्रेशन प्रयोजनको लागि गरेको न्यूनतम मूल्यांकन दर र घर तथा संरचनाको हकमा विभिन्न ५ वर्गमा विभाजन गरी महानगरपालिकाले गरेको मूल्यांकन दर अनुसार हुने गरी व्यवस्था गरेको छ । आरसिसि फ्रेम स्टक्चरको व्याबसायिक घरको मूल्यांकन दर प्रति वर्गफिट रु १५०० कायम गरिएको छ भने आवासीय घरको रु १००० प्रति वर्गफिटका कायम गरिएको छ । त्यसैगरी स्कालेटर वा लिफ्ट भएको आरसीसी स्ट्रक्चरको घरमा प्रति वर्गफिट रु २२०० र स्टिल फ्रेम स्ट्रक्चरको घरमा प्रति वर्गफिट रु २५०० कायम गरिएको छ । भवनको मूल्यांकन गर्दा वार्षिक ह्रासकट्टी गर्ने व्यवस्था छ । सम्पत्ति कर दर वार्षिक ०.०१ देखि ०.१६ प्रतिशत हुने गरी निर्धारण गरिएको छ । तिनै तहका सरकार, कुटनीतिक नियोग, गुठी तथा गैर नाफामुलक संघसंस्थालाई सम्पत्तिलाई कर नलाग्ने व्यवस्था गरेको छ । सम्पत्ति करमा पौष मसान्त भित्र बुझाउनेलाई १० प्रतिशत छुट र बक्यौतामा १० प्रतिशत जरिवाना लिने व्यवस्था गरेको छ ।

महानगरपालिकाले सम्पत्ति कर असूलीको लागि कम्प्युटर सफ्टवयर प्रणाली स्थापना गरी बडा कार्यालयहरु र महानगरको मुख्य कार्यालयबाट कर संकलन गर्ने व्यवस्था गरेको छ । महानगरपालिकामा २०७६ चैत मसान्तसम्म कूल करदाता संख्या २८५,६५७ रहेकोमा सम्पत्ति करमा दर्ता भएका करदाताको संख्या २४०,९५२ छ । चालु आ.व. को चैत मसान्त सम्म सम्पत्ति कर तिर्नेको संख्या ७३,०१० रहेको छ जुन यो करमा दर्ता कूल करदाताको ३० प्रतिशत मात्र हो । आ.व. २०७५।७६ मा महानगरले यस शीर्षकबाट रु १३ करोड ४५ लाख रहेको थियो । चालु आ.व. २०७६।७७ मा महानगरपालिकाले यस शीर्षकबाट १३ करोड आय हुने अनुमान गरेको छ ।

**संभाव्यताः** महानगरपालिकामा वि.सं. २०६८ को जनगणना अनुसार १,०५,६३० को हाराहारी घरपरिवार मध्ये ५६ प्रतिशतको आफ्नो घर भएको हिसावले घरको संख्या करिव ६० हजार रहेको अनुमान गर्न सकिन्छ । जसमध्ये करिव १०,००० घर अब्यवस्थित बसोबास क्षेत्रमा बसोबास गरेकाले सम्पत्ति घर तिर्ने दायित्व भएको घरजग्गा धनीको संख्या ५०,००० रहेको अनुमान गर्न सकिन्छ । यस महानगरपालिकाबाट वार्षिक औसत ५००० हाराहारी

घरको नक्सापास हुने भएकोले ८ वर्षमा ४०,००० घर थप भई सम्पत्ति कर तिर्ने करदाताको संख्या करिव ९०,००० पुगेको अनुमान गर्न सकिन्छ । यसका अतिरिक्त आर्थिक सर्भेक्षणले १६५८ वटा व्याबसायिक भवनहरु समेत रहेको देखाउँदछ । यस हिसावले सम्पत्ति कर तिर्ने दायित्व भएका करदातासंख्या करिव ९१,७०० रहेको अनुमान गरिएको छ । बजार मूल्यको आधारमा ३ वर्गमा विभाजन गरी माथिल्लो वर्गलाई मूल्यांकनको आधारमा प्रति हजार रु २, मध्यम वर्गलाई प्रति हजार रु १ र तल्लो वर्गलाई प्रतिहजार रु ०।५० कर लगाउँदा सम्पत्ति करको सम्भाव्यता निम्न अनुसार देखिन्छ ।

**तालिका ४: सम्पत्ति करको सम्भाव्यता विवरण**

| क्र.सं. | मूल्यको आधारमा घरको वर्गीकरण | औसत मूल्यांकन | अनुमानित संख्या | औसत कर रकम | कूल सम्भाव्यता |
|---|---|---|---|---|---|
| १ | रु १० करोड भन्दा बढी मूल्यांकन हुने होटल, संस्थान प्रतिष्ठान, व्यापारिक कम्पलेक्स, अस्पताल, उद्योग, कारखाना, निजी विद्यालय आदी | १५ करोड | ५०० | ३००,००० | १५०,०००,००० |
| २ | रु २ करोड देखि १० करोड सम्म मूल्यांकन हुने आवासीय वा मिश्रित घहरु | ४ करोड | ६,५०० | ४०,००० | २६०,०००,००० |
| ३ | २ करोड भन्दा कम मूल्यांकन हुने आवासीय घरहरु | ६० लाख | ८४,७०० | ३,००० | २५४,१००,००० |
| **जम्मा** | | | **९१,७००** | | **६६४,१००,०००** |

**सुधारका पक्षहरू:** महानगरपालिकाले विगतको एकीकृत सम्पत्ति करको व्यवस्था अनुसार नै सम्पत्ति कर असुल गरीआएको छ । स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार सम्पत्ति कर घर र सो घरले चर्चेको जग्गामा लगाउने व्यवस्था भएको र बाँकी जग्गामा भूमिकर (मालपोत) लगाउने भनिएकोले सो व्यवस्थालाई यथाशक्य छिटो कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावर थप जग्गा मात्र भनि ब्याख्या गरिएको छ । ऐनले सम्पत्ति कर नलाग्ने घरजग्गाको समेत ब्याख्या गरेकोले त्यसलाई समेत कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ। सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- अस्थायी प्रकारको भौतिक संरचनालाई समेत सम्पत्ति करको दायरा ल्याउने गरी भौतिक संरचनाको मूल्यांकन दरमा पुनरावलोकन गर्ने ।
- सम्पत्ति करको दर तथा बक्यौता रकममा जरिवाना दर पुनरावलोकन गर्ने ।
- सम्पत्ति करको विवरण प्रणालीसंग घर जग्गा बहाल कर र व्यबसाय करलाई आबद्ध (Link) गर्ने ।
- सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर कार्यविधि तर्जुमा गरी सोमा सम्पत्ति कर असूलीका प्रक्रियागत व्यवस्था तथा कर नलाग्ने सम्पत्तिहरुको स्पष्ट व्यवस्था गर्ने ।
- घर जग्गा मूल्यांकनलाई बजार मूल्यका आधारमा अद्यावधिक गरी सम्पत्ति करको मूल्यांकन र घरजग्गा रजिष्ट्रेशनमा एउटै मूल्यांकन दर कायम गर्ने ।

**ख. भूमि कर/मालपोत**

**हालको अवस्था:** महानगरपालिकाको आर्थिक ऐनले भूमिकर (मालपोत) को लागि जग्गाको मूल्यांकनको आधारमा विभिन्न १३ वटा स्ल्यावमा विभाजन गरी ०.००३३ देखि ०.०५३३ प्रतिशतका दरले भूमिकर (मालपोत) लिने व्यवस्था गरेको छ । भूमिकर (मालपोत) को लागि जग्गाको मूल्यांकन दर घरजग्गा रष्जिट्रेशन प्रयोजनको गरिएको न्यूनतम

मूल्यलाई आधार लिइएको छ । सम्पत्ति करमा पौष मसान्त भित्र बुझाउनेलाई १० प्रतिशत छुट र बक्यौतामा १० प्रतिशत जरिवाना लिने व्यवस्था गरेको छ। महानगरले आ.व. २०७५।७६ मा यस शीर्षकबाट रु ५ करोड ९३ लाख ७० हजार आय आर्जन गरेको थियो भने चालु आर्थिक वर्षकोलागि रु १३ करोड अनुमान गरिएको छ ।

**संभाव्यताः**

महानगरपालिकाको कुल क्षेत्रफल मध्ये करिव ७३,१०० रोपनी शहरी (व्यापारिक, आवासीय, औद्योगिक जस्ता प्रयोजन) क्षेत्रमा, करिव ४,२१,६०० रोपनी कृषि क्षेत्रमा र ३,७५,१०० रोपनी वन क्षेत्रमा उपयोग भएको देखिन्छ । यसको आधारमा शहरी क्षेत्रमा पर्ने जग्गामध्ये २५ प्रतिशत र कृषि क्षेत्रको करिव ५ प्रतिशत जग्गा सम्पत्ति करको दायरामा आउने अनुमान गरिएको छ। त्यसैगरी वन क्षेत्रको ५ प्रतिशत जग्गा व्यक्ति वा संस्थाको नाउमा दर्ता भई मालपोतको दायरामा आउने अनुमान गरिएको छ । महानगरपालिकाले शहरी क्षेत्रका जग्गाहरुको भूमिकरको औसत दर मूल्यांकनको ०.०३ प्रतिशत र बाँकी जग्गाकोलागि मालपोतको दर मूल्यांकनको ०.००३ प्रतिशत कायम गरेमा भूमिकर (मालपोत) को सम्भाव्यता निम्न अनुसार देखिन्छ ।

**तालिका ५: भुमिकर (मालपोत) को सम्भाव्यता विवरण**

| क.सं. | जग्गाको किसिम | कर लाग्ने अनुमानित क्षेत्रफल (रोपनी) | औसत मूल्यांकन दर प्रति रोपनी | कूल सम्भाव्यता रु |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | १८,२७५ | ३०,०००,००० | १६४,४७५,००० |
| २ | कृषि क्षेत्र | ४००,५२० | ५,०००,००० | ६०,०७८,००० |
| ३ | वन क्षेत्र | १८,७५५ | २००,००० | ११२,५३० |
| **जम्मा** | | **४३७,५५०** | **३५,२००,०००** | **२२४,६६५,५३०** |

**सुधारका पक्षहरुः** स्थानीय सरकार सञ्चालन ऐनले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गाबाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था रहेको छ । विगतमा क्षेत्रफलको आधारमा कृषि क्षेत्रको जग्गामा मालपोत र शहरी क्षेत्रको जग्गामा भूमिकर लगाउने व्यवस्था रहेको थियो र भूमिकरको दर मालपोतको दर भन्दा उच्च रहेको थियो । सोही व्यवस्थालाई मध्येनजर गरी महानगरपालिकाले आ.व. २०७८।७९ देखि भूमिकर (मालपोत) लागु गर्न निम्न कार्यहरु गर्नुपर्ने देखिन्छः

- महानगरपालिकाका जग्गाहरुलाई कृषि र शहरी (आबसीय, व्याबसायिक, औद्योगिक) क्षेत्रमा वर्गीकरण गरी कृषि क्षेत्रका लागि मालपोत र शहरी क्षेत्रका लागि भूमिकरको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्थाः** चालु आ.व. को आर्थिक ऐनले महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक दवरले बहालमा दिइएकोमा बहाल लगाउन सक्ने व्यवस्था अनुसार महानगरपालिकाको आर्थिक ऐनले नगरपालिकालाई विभिन्न ६ क्षेत्रमा वर्गीकरण गरी तला र प्रयोजन अनुसार बहाल करको दर निर्धारण गरेको छ । बहाल संझौतामा उल्लिखित रकम र बहालमा लगाइएको क्षेत्रफललाई महानगरपालिबाट निर्धारित दरले गुणा गर्दा हुन आउने रकममा जुन बढी हुन्छ सोही बढी हुने रकमलाई आधार मानी बहाल कर लगाउने व्यवस्था गरेको छ । तर कृषि जन्य उत्पादनको लागि भाडामा लगाइएका जग्गा पोखरीहरुमा बहाल कर नलाग्ने व्यवस्था छ। बहाल करको बक्यौतामा १० प्रतिशत जरिवाना लाग्ने व्यवस्था गरिएको छ। महानगरपालिकाले यस शीर्षकबाट आ.व. २०७५।७६ मा ६ करोड, ७४ लाख ७५ हजार आय आर्जन गरेकोमा चालु आ.व. २०७६।७७ मा १० करोड आय अनुमान गरिएको छ ।

**संभाव्यता:** २०६८ सालको जनगणना अनुसार ४० प्रतिशत परिवार भाडाको घरमा बसेको पाइन्छ । यसैलाई आधार लिंदा हालको अनुमानित परिवार संख्या करिव १,४०,००० को ४० प्रतिशत भाडामा बसेको अनुमान गर्न सकिन्छ । यसैगरी आर्थिक गणना २०७५ अनुसार कूल २८२१५ व्याबसायिक प्रतिष्ठानहरु मध्ये १०२१२ व्यबसाय आफ्नो घरदेखि वाहिरको भवनमा रहेको देखिएको छ । त्यस्ता व्याबसायीक भवनहरु अधिकांश मुल सडकमा नै भएकाले र बहालमा लिने भएकोले त्यसको आधारमा सम्भाव्यता अध्ययन गरिएको छ । महानगरपालिकाले बहालकरको दर बहाल आम्दानीको आधारमा निर्धारण गर्ने व्यवस्था अनुसार आय सम्भाव्यता अध्ययन गरिएको छ । औसत बहाल करको दर व्याबसायिक  प्रतिष्ठानहरुलाई ८ प्रतिशत र घरायसी प्रयोजनकोलागि ५ प्रतिशत अनुमान गरिएको छ । यसै तथ्यांकलाई आधार बनाई घरजग्गा बहाल करको सम्भाव्यता निम्न अनुसार अनुमान गरिएको छ :

**तालिका ६: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | कूल संख्या | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत अनुमानित भाडा रकम | घर बहाल कर |
|---|---|---|---|---|---|
| १ | व्याबसायिक प्रतिष्ठानहरु | २८,२१५ | १०,२१२ | २५,००० | २४५,०८८,००० |
| २ | घरयासी प्रयोजनमा बस्नेहरू | १४०,००० | ५६,००० | ८,००० | २६८,८००,००० |
| **जम्मा** | | | ६६,२१२ | | ५१३,८८८,००० |

**सुधारका पक्षहरू:** सम्पत्ति करको आधार र घरजग्गा बहाल करको करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आबद्ध गर्न आवश्यक देखिन्छ । घरजग्गा बहाल कर प्रणालीमा थप सुधारका लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- घरजग्गा बहाल करको दर बहाल आम्दानीको आधारमा हुने गरी आर्थिक ऐन परिमार्जन गर्ने र करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने ।
- घर जग्गा बहाल कर निर्धारणकोलागि न्यूनतम बहाल मूल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने ।
- बहालमा वस्नेहरुको लगत संकलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसंग आबद्ध (Link)  गर्ने ।
- आन्तरिक राजस्व कार्यालयमा घरजग्गा बहाल कर संकलनको लागि डेक्स राख्ने र कम्प्युटर प्रणालीमा आबद्ध (Link)  गर्ने ।
- बहाल करका संकलन प्रक्रियामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गर्ने ।
- बहाल कर सम्वन्धी व्यवस्थाहरुको सूचना मूलक सामग्री तयार गरी प्रचार प्रसार गर्ने ।

### घ. व्यबसाय कर

**हालको अवस्था:** महानगरपालिकाको आर्थिक ऐनले नगर क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यबसाय र सेवामा व्यबसायहरुमा व्यबसाय कर लगाउने व्यवस्था गरेको छ । महानगरले व्यबसाय र उद्योगमा पूँजिगत लगानीको आधारमा रु १००० देखि ४०,००० सम्म वार्षिक कर लिने व्यवस्था गरेको छ । यसका अतिरिक्त वित्तीय संस्था, तारे होटल, रिसोर्ट, मेडिकल कलेज, एयरलाइन्स, विशेषज्ञ सेवा व्यबसायहरु, जलविद्युत, घ वर्गका निर्माण व्यबसाय, अन्य सेवा व्यबसायलाई छुट्टै व्यबसाय करको दर निर्धारण गरेको छ ।। कृषि तथा पशुपालन व्यबसायलाई करको दरमा २० प्रतिशत छुट र विदेशी व्याबसायीको हकमा करको दरमा थप ५० प्रतिशत लिने व्यवस्था छ । त्यसैगरी अपाङ्गता भएका, पिछडिएका वर्ग र महिलाले व्यबसाय दर्ता गर्दा ३० प्रतिशत छुट दिने व्यवस्था गरेको छ । व्यबसाय करको बक्यौतामा १५ प्रतिशत जरिवाना लिने व्यवस्था छ । महानगपालिकामा हालसम्म करिब ४०,००० व्यबसायहरु दर्ता रहेका छन् भने गत आर्थिक वर्षमा यो शीर्षकबाट ५ करोड ३७ लाख ५२ हजार संकलन भएकोमा चालु आ.व. मा यसको आय व्यबसाय रजिष्ट्रेशन दस्तुरमा देखाई १३ करोड आय आर्जन हुने अनुमान गरेको छ ।

**संभाव्यता:** आर्थिक गणना २०७४ अनुसार यस नगरपालिका क्षेत्रमा २८२१५ व्यासायिक प्रतिष्ठानहरु रहेको देखाउँदछ भने महानगरपालिकामा करिब ४०,००० व्यबसाय दर्ता रहेका छन् । महानगरपालिकामा दर्ता रहेका सबै व्यबसायहरु हाल सञ्चालनमा नरहेको हुन सक्ने तथा आर्थिक गणनामा पनि धेरै छुट भएको हुने सक्ने तथ्यलाई मध्येनजर गर्दा महानगरपालिकामा हाल सञ्चालनमा रहेका व्यबसायहरुको संख्या करिव ३५००० रहेको अनुमान गरिएको छ । आर्थिक गणनाको तथ्यांकमा उल्लेख अन्य व्यवसायमा ६,७८५ व्यबसाय संख्या थप गरी निम्न अनुसार व्यबसाय करको सम्भाव्यता आकलन गरिएको छ :

**तालिका ७: व्यबसाय करको सम्भाव्यता विवरण**

| क.सं. | व्यापार व्यबसायको विवरण | संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | कृषि तथा वन संग सम्वन्धित व्यबसाय | ३१५ | ७,००० | २,२०५,००० |
| २ | उत्पादन उद्योग | २,६७९ | १०,००० | २६,७९०,००० |
| ३ | निर्माण तथा खनिज उद्योग | १४२ | १०,००० | १,४२०,००० |
| ४ | थोक तथा खुद्रा व्यापार | १५,२२९ | ५,००० | ७६,१४५,००० |
| ५ | यातायात, सूचना, संचार | १४८ | ८,००० | १,१८४,००० |
| ६ | सबै प्रकारका होटल तथा आतिथ्य | ५,३०४ | १०,००० | ५३,०४०,००० |
| ७ | वित्तीय संस्था तथा विमा | ५४३ | १०,००० | ५,४३०,००० |
| ८ | शिक्षा | ८०० | ७,००० | ५,६००,००० |
| ९ | स्वास्थ्य | ५१३ | ८,००० | ४,१०४,००० |
| १० | अन्य | ९,३२७ | ५,००० | ४६,६३५,००० |
| **जम्मा** | | **३५,०००** | | **२२२,५५३,०००** |

**सुधारका पक्षहरू:** महानगरपालिकाको व्यबसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ:

- स्थलगत रुपमा व्यबसाय संचालनको अवस्था अनुगमन गरी त्यससंग व्यबसाय दर्ताको लगत चेक जाँच गर्ने अभियान संचालन गरी नयाँ व्यबसाय दर्ता गर्ने तथा संचालनमा नरहेका व्यबसायको लगत कट्टा प्रक्रिया अघि बढाउने ।
- व्यबसाय करको दर निर्धारण गर्दा लगानीका अतिरिक्त तथा कारोवार रकम एवं व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर पुनरावलोकन गर्ने ।
- व्यबसाय कर असूलीमा आन्तरिक राजस्व कार्यालय तथा घरेलु तथा साना उद्योग कार्यालयसंग समन्वय गर्ने ।
- व्यबसाय करको दायरा भन्दा वाहिर रहेका व्यबसायहरु (उदाहरणको लागि अनलाइन, घुमन्ते व्यापारी, फुडट्रक आदि) करको दायरामा ल्याउने गरी आर्थिक ऐन तर्जुमा गर्ने ।
- व्यबसाय कर तोकिएको समय भन्दा पहिले तिर्नेलाई छुटको व्यवस्था गर्ने ।
- व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहित व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने ।
- व्यबसायहरुको दर्ता तथा व्यबसाय कर असुल गर्न कर संकलन टोलीको निर्माण गरी परिचालन गर्ने ।
- विभिन्न पेशाकर्मीहरु (जस्तै कानून व्यबसायी, अडिटर, डक्टर, इन्जिनियर) लाई व्यबसाय करको दायरामा ल्याउन अभियान संचालन गर्ने ।

**ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर**

**हालको अवस्थाः** महानगरपालिकामा जडीबुटी कवाडी र जीवजन्तु कर असूलीको लागि आर्थिक ऐनमा नै कवाडीमा कारोबार हुने विभिन्न वस्तुहरुको वर्गीकरण गरी प्रति एकाई करको दर निर्धारण गरिएको छ । त्यसका लागि महानगरले आय ठेक्का प्रक्रिया मार्फत बोलकबोल गराएर सबैभन्दा बढी कबोल गर्ने निजी कम्पनीलाई कर संकलनको जिम्मा दिने गरिएको छ । गत आ.व. मा यस शीर्षकबाट ७० लाख कर संकलन भएको थियो भने चालु आ.व. र आगामी आ.व. का लागि आय ठेक्का प्रक्रियामा रहेको छ । चालु आ.व. को लागि २ करोड आय अनुमान गरिएको छ ।

**सम्भाव्यताः** महानगरपालिका क्षेत्रबाट वार्षिक करिव ६००० ट्रक कवाडी सामान संकलन भई बिक्री हुने गरेको छ । नगरपालिकाले निर्धारण गरेको दर अनुसार प्रति ट्रक करिव ६,००० करको दर हुने भएकोले यस करबाट वार्षिक करिव ३,६०,००,००० आय सम्भाव्यता देखिन्छ ।

**च. सवारी कर**

**हालको अवस्थाः** महानगरले साना सवारी (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) दर्ता नगर्ने निर्णय निर्णय गरेकोले हालसम्म कुनै पनि प्रकारका सवारीलाई अनुमति दिने र सवारी कर संकलन गर्ने गरेको छैन र चालु वर्षको लागि आय अनुमान पनि गरिएको छैन ।

**छ) विज्ञापन कर**

**हालको अवस्थाः :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार विज्ञापन कर प्रदेश र स्थानीय तहको दोहोरो अधिकार क्षेत्रको कर हो । सो ऐनले स्थानीय तहलाई करको दर निर्धारण र संकलन गर्ने अधिकार दिई उठेको रकम बाँडफाँड गर्ने व्यवस्था गरेको छ । महानगरपालिकाको आर्थिक ऐनले डिजिटल बोर्ड, होर्डिङ बोर्ड, साइन बोर्ड, विद्युत पोल, मेला महोत्सव देखि बस र ट्याक्सी समेत गरी १९ प्रकारका विज्ञापनका माध्यममा प्रचार सामग्रीहरु राखेमा प्रति वर्ग फुट वा एकमुष्ट हिसाबले विज्ञापन कर लिने गरी दर निर्धारण गरेको छ । महानगरपालिकामा विज्ञापन कर असूलीको लागि आय ठेक्का प्रक्रिया मार्फत बोलकबोल गराएर सबैभन्दा बढी कबोल गर्ने निजी कम्पनीलाई कर संकलनको जिम्मा दिने गरिएको छ । गत आ.व. २०७५।७६ मा यस शीर्षकबाट करिब ८७ लाख ३३ लाख प्राप्त भएको थियो भने चालु आ.व. २०७६।७७ को लागि आय अनुमान गरेको देखिदैन । तर महानगरपालिकाले चैत मसान्त सम्म करिब ७७ लाख प्राप्त भएको देखिन्छ ।

**सम्भाव्यताः** महानगरक्षेत्रमा राखिएका विज्ञापनहरुबाट निजी क्षेत्रको साझेदारी वा विज्ञापन कर संकलन ठेक्काबाट राजस्व संकलन गर्ने सम्भावना रहेको छ । नगरक्षेत्रमा भएका विज्ञापनको संख्या यकीन गर्न नसकिएकोले अनुमानको आधारमा विज्ञापन करको सम्भाव्यता आकलन गर्ने प्रयास गरिएको छ ।

**तालिका ८: विज्ञापन करको सम्भाव्यता विवरण**

| क्र.सं. | विवरण | संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | नगरक्षेत्रमा रहेका सोलार वत्तिका पोलहरु | | | १७,०००,००० |
| २ | बसस्टण्ड तथा ट्राफिक आईल्याण्ड | | | ३,०००,००० |
| ३ | निजी क्षेत्रको सम्पत्तिमा भएका विज्ञापनहरु | | | २०,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | नगरक्षेत्रमा रहेका सार्बजनिक क्षेत्रहरुमा भएका विज्ञापन | | | ९,०००,००० |
| **जम्मा** | | | | **४९,०००,०००** |

**सुधारका पक्षहरू:** महानगरपालिकाको विज्ञापन कर संकलन प्रणालीमा सुधार ल्याउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ:

- स्थलगत रुपमा अध्ययन गरी व्यबसाय सम्भाव्यता यकीन गर्ने ।
- अध्ययनको निष्कर्षको आधारमा विज्ञापन कर परिचालन कार्यविधिको तर्जुमा गर्ने ।

### ४.२.२ गैर–कर राजस्व

### क) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । महानगरपालिकाले आर्थिक ऐन २०७६।७७ मा आफ्नो क्षेत्र भित्रका पर्ति ऐलानी जग्गामा महानगरले निर्माण गरेका संरचनाको लागि प्रति वर्ष प्रति संरचना रु २००० र त्यस्तो जग्गामा ब्यक्ति आफैले निर्माण गरेको संरचनालाई वार्षिक रु १५०० बहाल बिटौरी करको दर गरेको छ । यस व्यवस्था अनुसार महानगरपालिकाले गत आ.व. २०६५।६६ बाट शुल्क संकलन गर्न शुरु गरेको देखिन्छ जसमा गत वर्ष ४ लाख ६६ हजार संकलन भएको देखिन्छ । चालु आ.व. मा १० लाख संकलन गर्ने लक्ष्य राखेको छ ।

**संभाव्यता:** महानगरपालिकालाई आफ्नो क्षेत्रभित्रका पर्ति र सरकारी जग्गामा वनेको संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लिने अधिकार भएता पनि अव्यवस्थित र सुकुम्बासी बसोवास भएका विभिन्न १२ (कास्की जिल्ला भूमि अधिकार मञ्चको तथ्यांक अनुसार) स्थानमा गरी अनुमानित १०,००० घरपरिवार बाट अहिलेसम्म बहाल बिटौरी शुल्क लिइएको पाइदैन । तीमध्ये अधिकांश परिवारहरु सरकारी अभिलेखीकरणमा दर्ता भएर एक देखि दुई तला सम्मका पक्की घर समेत निर्माण गरेर बसेको अवस्था छ । त्यसैले बहाल बिटौरी शुल्क संबन्धी कार्यविधि बनाएर यस क्षेत्रलाई शुल्कको दायरामा ल्याउन सके महानगरले यस शीर्षकमा उल्लेख्य आम्दानी गर्न सक्ने सम्भाव्यता देखिन्छ ।

**तालिका ९: बहाल विटौरी शुल्कको सम्भाव्यता विवरण**

| क.सं. | सार्वजनिक जग्गा रहेको स्थान | महानगरले वनाएको घर वा पसलको संख्या | औसत करको दर | सार्वजनिक जग्गामा आफैले वनाएको घर वा पसलको संख्या | औसत करको दर | आय सम्भाव्यता |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. १७, २९ | ० | २,००० | २,१०६ | १,५०० | ३,१५९,००० |
| २ | वडा नं. २३, ३२, ९, १५, १४ | ० | २,००० | ३,६४० | १,५०० | ५,४६०,००० |
| ३ | वडा नं. १८ | ० | २,००० | ५५० | १,५०० | ८२५,००० |
| ४ | वडा नं. २७, ३३, ३१, ११, १ | ० | २,००० | १,५५० | १,५०० | २,३२५,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | वडा नं. १३, २२, ७, २५, २६, ३०, १९, १०, २१, २८, १६, ६ | ० | २,००० | १,६५८ | १,५०० | २,४८७,००० |
| ६ | वडा नं. ८, १२, ५, ४, २४, ३, २० | ० | २,००० | २४८ | १,५०० | ३७२,००० |
| **जम्मा** | | | | **९,७५२** | | **१४,६२८,०००** |

**सुधारका पक्षहरू:**

- सार्वजनिक जग्गा उपयोग गरी व्यापार व्यबसाय गर्ने स्थानहरु र सार्वजनिक जग्गा उपभोग गरी बसोवास गरेका घरधनीहरुको अभिलेख तयार गर्ने ।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी करको दायरामा ल्याउन कार्यविधि तर्जुमा गर्ने ।
- बहाल बिटौरीको अभिलेख राखी शुल्क संकलन गर्ने जिम्मेवारी सम्वन्धीत वडालाई जिम्मा दिने ।

**ख) सम्पत्ति बहाल**

**हालको अवस्था:** महानगरपालिकाको विभिन्न स्थानमा रहेका सम्पत्तिहरुलाई बहालमा दिई आय आर्जन गर्न सक्ने सम्पत्ति भए पनि आर्थिक ऐनमा यस विषयमा कुनै व्यवस्था गरेको देखिदैन । उपलब्ध जानकारी अनुसार महानगरका व्याबसायिक केन्द्रहरुमा गरी तपसिलका १० स्थानहरुमा व्याबसायिक शटरहरु छन् भने ठुला कार्यक्रम र समारोहहरु आयोजना हुने पोखरा सभागृह पनि महानगरको रेखदेखमा छ । आ.व. २०७५।७६ मा महानगरपालिकाले सम्पत्ति बहालबाट २ करोड ३ लाख आय आर्जन गरेको देखिन्छ । चालु आ.व. २०७६।७७ मा शीर्षकबाट २ करोड ५० लाख आय अनुमान गरेको छ ।

**संभाव्यता:** महानगरपालिकाले भाडा वा बहालमा दिई आय आर्जन गर्न सक्ने सम्पत्ति र त्यसबाट प्राप्त हुनसक्ने आय निम्न अनुसार रहेको देखिन्छ । पोखरा नगरविकास समिति महानगर मातहत आए पनि त्यसको स्वामित्वमा रहेका सम्पत्तिहरु नगर विकास समितिले नै भोगचलन भइरहेको अवस्था छ । हाल उक्त समितिको अध्यक्ष नगर प्रमुख भए पनि सम्पत्ति हस्तान्तरण भएको छैन । नगर विकास समितिको सम्पत्ति कति छ भन्ने यकिन पनि छैन ।

**तालिका १०: बहाल आयको सम्भाव्यता विवरण**

| क्र.सं. | बहालमा दिन सकिने सम्पत्ति | इकाइ | संख्या | औसत मासिक बहाल | कूल सम्भाव्यता |
|---|---|---|---|---|---|
| १ | पोखरा सभागृह | भवन | १ | २५०,००० | ३,०००,००० |
| २ | सृजना चोक शपिङ्ग कम्प्लेक्स | भवन | १ | ७००,००० | ८,४००,००० |
| ४ | वडा नं २६ लेखनाथ चोक | शटर | ३ | २५,००० | ९००,००० |
| ४ | तेस्रापट्टीमा रहेको मासु पसल | शटर | ४ | २५,००० | १,२००,००० |
| ५ | महेन्द्र पुलको दायाँ बाँया पसल घर | शटर | ६ | २५,००० | १,८००,००० |
| ६ | राष्ट्र बैंक चोक | शटर | ४ | २५,००० | १,२००,००० |
| ७ | मालपोत कार्यालय अगाडी | शटर | १० | २५,००० | ३,०००,००० |
| ८ | नयाँवजारमा करिव १.५ रोपनीमा रहेको तरकारी पसलघर | पसल | ७ | २५,००० | २,१००,००० |
| ९ | बस टर्मिनल भवन, नयाँवजार | शटर | ५ | २५,००० | १,५००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पोखरा व्यावसायीक महिला क्लव, वगर | भवन | १ | २५,००० | ३००,००० |
| ११ | प्याराग्लाईडिङ्ग उडानस्थल भाडा वार्षिक ४ लाखमा ठेक्का | स्थान | १ | ३३,३३३ | ३९९,९९६ |
| १२ | अन्य सम्पत्ति बहाल तथा लिज आय | | | | ६,०००,००० |
| | **जम्मा** | | | | **२९,७९९,९९६** |

**सुधारका पक्षहरूः**

- नगर क्षेत्रभित्र सबै वडामा रहेका महानगरपालिकाको स्वामित्व र हकभोगमा रहेका जग्गा तथा संरचनाहरुको उपयोगको अवस्था समेत देखिने गरी अभिलेख अद्यावधिक गर्ने ।
- बहाल आय आर्जन हुने सम्पत्तिको बहाल सम्वन्धी सूचना प्रकाशन तथा आय ठेक्का व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- नगरपालिकाको लगानीको केही अंश दीर्घकालिन रुपमा आय आर्जन हुन सक्ने क्षेत्रहरु (जस्तो तरकारी तथा फलफुल बजार, पार्किङ स्थल, मनोरन्जन क्षेत्र, शपिङ्ग कम्पलेक्स) मा लगानी गर्ने नीति तर्जुमा तथा कार्यान्वियन गर्ने ।
- न्यूनतम भाडा दर र बहाल मूल्य आर्थिक ऐनमा समावेश गर्ने र समयमा बुझाउनेलाई छुट तथा ढीलो बुझाउनेलाई जरिवाना सम्वन्धी व्यवस्था गर्ने ।
- नगरविकास समितिको स्वामित्व नेपाल सरकार मार्फत महानगरपालिकालाई हस्तान्तरण गर्न पहल गर्नु पर्ने ।

**ग. पर्यटन सेवा शुल्क**

**हालको अवस्थाः** महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेबापत सम्वन्धीत सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । महानगरपालिकाको आर्थिक ऐन २०७६ ले महानगरको पोखरा क्षेत्रभित्र रहेका विभिन्न पर्यटक क्षेत्रहरुमा पर्यटकहरु प्रवेश गर्दा, आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोनिङ, बञ्जीजम्प, जिपफ्लायर र र्‍याफटिङ सेवा व्यबसाय संचालन गरेवापत प्रदेश सरकारले तोकेको विषयमा सोही वमोजम र अन्य विषयको हकमा नगरपालिकाले तोके बमोजिम शुल्क लगाउने व्यवस्था गरेको छ । प्राचीन स्मारक, संग्राहालय, गुफा, पार्क, संरक्षण क्षेत्र, शिकार आरक्षण, पिकनिक स्पट, चिडियाघर र भ्यू टावरमा टिकट काटेर अवलोकन गर्नु पर्ने पर्यटकीय स्थलमा टिकट मूल्यको अधिकतम ५ प्रतिशत देखि न्यूनतम ३ प्रतिशत शुल्क लिने व्यवस्था छ । महानगर क्षेत्र भित्रका पदमार्गमा जाने विदेशीको हकमा सार्क मुलुकका लागि प्रति पर्यटक ५ अमेरिकी डलर र अन्य मुलुकका लागि १० अमेरिकी डलर पर्यटक शुल्क लिने व्यवस्था छ । प्याराग्लाइडिङ, अल्ट्रालाइट फ्लाइट, वञ्जिजम्प र जिपफ्लायर सञ्चालनका लागि प्रति वर्ष १ लाख शुल्क लाग्ने व्यवस्था छ भने रक क्लायिम्विङ र क्यानोनिङका लागि वार्षिक २० हजार तोकिएको छ । गत आ.व. २०७५।७६ मा महानगरले यस शीर्षकबाट ४९ लाख संकलन गरेको थियो । चालु आ.व. २०७६।७७ मा मा यस शीर्षकबाट २ करोड संकलन गर्ने लक्ष्य राखेको छ । यस्तो शुल्क संकलनको लागि महानगरले आय ठेक्का प्रक्रिया मार्फत गर्ने व्यवस्था गरेको छ ।

**सम्भाव्यता :** महानगरक्षेत्रमा रहेका पर्यटकीय स्थलहरुबाट स्थानीय विद्यालय तथा सामाजिक संघसंस्थाहरुले प्रवेश शुल्क लिई आएको अवस्था रहेको छ । महानगरपालिकाले प्रवेश शुल्कको १० प्रतिशत सेवा शुल्क लिने व्यवस्था गरेमा नगरक्षेत्रमा रहेका प्रमुख ४ वटा स्थलबाट निम्न अनुसार आय सम्भाव्यता देखिन्छः

**तालिका ११: पर्यटन सेवा शुल्कको सम्भाव्यता विवरण**

| क.सं. | पर्यटन स्थलको नाम | औसत दैनिक पर्यटक संख्या | प्रवेश शुल्क रु. | अनुमानित कूल वार्षिक आय रु. | सेवा शुल्क १० प्रतिशतले |
|---|---|---|---|---|---|
| १ | महेन्द्र गुफा | ५०० | २० | ३,६००,००० | ३६०,००० |
| २ | चमेरे गुफा | ५०० | २० | ३,६००,००० | ३६०,००० |
| ३ | गुप्तेश्वर गुफा | ७०० | २० | ५,०४०,००० | ५०४,००० |
| ४ | डेभिड फल्स | ८०० | २० | ५,७६०,००० | ५७६,००० |
| जम्मा | | **२,५००** | | **१८,०००,०००** | **१,८००,०००** |

महानगरमा अहिले एक केबल कार निर्माण भएर सञ्चालनको तयारीमा रहेकोले आगामी आर्थिक वर्षबाट शुल्क लगाउने गरी आय अनुमान गरिएको छ। साथै महानगरपालिकामा रहेका पर्यटकीय व्यबसायहरुबाट संकलन हुनेसक्ने आयको सम्भाव्यता निम्न अनुसार देखिन्छः

**तालिका १२: पर्यटन सेवा शुल्कको सम्भाव्यता विवरण**

| क.सं. | पर्यटन व्यबसाय नाम | संख्या | वार्षिक शुल्कको दर रु. | अनुमानित कूल वार्षिक आय रु. |
|---|---|---|---|---|
| १ | केवल कार | १ | २००,००० | २००,००० |
| २ | प्याराग्लाइडिङ्ग | ६५ | १००,००० | ६,५००,००० |
| ३ | अल्ट्रालाइट फ्लाइट | ५ | १००,००० | ५००,००० |
| ४ | वञ्जिजम्प | २ | १००,००० | २००,००० |
| ५ | जिपफ्लायर | १ | १००,००० | १००,००० |
| ६ | क्यानोनिङ | १ | २०,००० | २०,००० |
| **जम्मा** | | **७५** | | **७,५२०,०००** |

**सुधारका पक्षहरूः**

- नगरका पर्यटकीय स्थलहरुमा प्रवेश वापत पर्यटन प्रवेश शुल्कको दर आर्थिक ऐनमा समावेश गर्ने।
- केवलकारको पर्यटन सेवा शुल्क आर्थिक ऐनमा समावेश गर्ने।

## घ) अन्य सेवा शुल्क तथा बिक्री

### घ.१ ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु र दहत्तर बहत्तर बिक्री

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। महानगरपालिकाले आर्थिक ऐनले यस्ता वस्तु बिक्रीलाई दहत्तर बहत्तर शुल्क शीर्षकमा राखेको छ, जुन मिल्दो देखिदैन। तर बिक्री दर निर्धारण प्रति क्युविक फिटका दरले गरेको छ। महानगरले स्लेट, ढुंगा, गिट्टीको प्रति क्युफिट रु ४, चिप्स र बालुवाको प्रति क्युफिट रु ३, माटोको प्रति क्युफिट रु २ र चुनढुङ्गाको प्रति क्युफिट रु ६ बिक्री दर निर्धारण गरेको छ। तर चुनढुङ्गाको बिक्री

गर्ने अधिकार स्थानीय तहहरुलाई छैन । नदी खोलाले बगाएर ल्याएर तैरिएका काठ दाउरा (बहत्तर) र दह वा तालमा तैरिएका (दहत्तर) काठको हकमा भने प्रति केजी रु २ मा बिक्री गर्ने व्यवस्था छ। महानगरले आय ठेक्का प्रणालीबाट निजी क्षेत्रलाई प्रतिस्पर्दा गराएर उनीहरुलाई तोकिएको परिमाण उत्खनन गर्न दिने र अधिकतम कबुल गरेको दरमा रकम संकलन गर्ने गरेको छ। गत आ.व. मा महानगरले यस सम्वन्धी शीर्षक "अन्य सेवा शुल्क तथा बिक्री" मा प्राप्त २३ करोड, १६ लाख, ४० हजार मध्ये ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु र दहत्तर बहत्तर बिक्री बाट करिव १९ करोड आय प्राप्त गरेको देखिन्छ। चालु आ.व. मा यस सम्बन्धी शीर्षकमा ६५ करोड २० लाख आय हुने अनुमान गरेको छ। चालु वर्षमा महागरले २२ स्थानमा बिक्रीको ठेक्का लगाएको छ। भने हालै सम्पन्न फेवाताल सिल्टेसन ड्याम पनि ठेक्का लागाउन सकिने अवस्थामा पुगेको छ।

**संभाव्यता:** यस महानगरक्षेत्र वहेर वग्ने मुख्य नदीमा सेती नदी र विजयपुर, हर्पन, काहु काली, फुस्रे खोला बेत्यानी, लौरुक, अँधेरी खोला आदि खोला रहेका छन्। यी नदीका विभिन्न २२ स्थलमा प्रारम्भिक वातावरण परीक्षण सम्पन्न भई जिल्ला समन्वय समितिबाट स्वीकृत भएको छ। महानगरपालिका क्षेत्रबाट उत्खनन गरी बिक्री हुन सक्ने ढुंगा, गिट्टी, बालुवाको अनुमानित परिमाण र बिक्री दर प्रति घनफुट रु १५ कायम गरेमा हुने राजस्व सम्भाव्यता निम्न अनुसार देखिन्छ।

**तालिका १३: ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्रीको सम्भाव्यता विवरण**

| क्र.सं. | संकलन/उत्खनन स्थल | | उत्खनन् गर्न सकिने परिमाण ( घन मि.) | विक्रि गर्न सकिने परिमाण ( घन मि.) | प्रस्तावित दर प्रति घन फुट (१ घ.मि मा ३५.३१ घ.फुट) | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|---|---|
| | वडा | स्थान | | | | |
| १ | १९ | गाउँखर्क ओखलढुङ्गा घाट | ६,१२० | ६,१२० | १५ | ३,२४१,४५८ |
| २ | १९ | मराङ घाट | २,८०० | २,८०० | १५ | १,४८३,०२० |
| ३ | १९ | चमेरे घाट | ३०,००० | ३०,००० | १५ | १५,८८९,५०० |
| ४ | १९,२५ | गढि घाट | ३१,५०० | ३१,५०० | १५ | १६,६८३,९७५ |
| ५ | १९,२५ | तल्लो पुडी घाट | ८,६४० | ८,६४० | १५ | ४,५७६,१७६ |
| ६ | १९,२५ | उपल्लो पुडी घाट | ३३,००० | ३३,००० | १५ | १७,४७८,४५० |
| ७ | १९,२५ | तल्लो खेत घाट | ७,९२० | ७,९२० | १५ | ४,१९४,८२८ |
| ८ | १९,२५ | रातो पहिरो खरी घाट | १,२५० | १,२५० | १५ | ६६२,०६३ |
| ९ | २१ | द्धार कस्यार घाट | २१,२५० | २१,२५० | १५ | ११,२५५,०६३ |
| १० | १३ | काहुँखोला घाट | २,७३० | २,७३० | १५ | १,४४५,९४५ |
| ११ | १३,२८ | विजयपुर खोला घाट | १६,८०० | १६,८०० | १५ | ८,८९८,१२० |
| १२ | २५ | सुईखेत खोला घाट | १८,००० | १८,००० | १५ | ९,५३३,७०० |
| १३ | १४,२१ | भेडीफारम घाट | ६,४८० | ६,४८० | १५ | ३,४३२,१३२ |
| १४ | २९,३३ | पशुपति घाट | ८,७०० | ८,७०० | १५ | ४,६०७,९५५ |
| १५ | २९,३३ | पशुपति घुमाउरे घाट | ३९,३२५ | ३९,३२५ | १५ | २०,८२८,४८६ |
| १६ | २९,३३ | मुसेटुडा सैनिक घाट | ३५,२५५ | ३५,२५५ | १५ | १८,६७२,८११ |
| १७ | ३३ | सिसौघारी घाट | ४,५०० | ४,५०० | १५ | २,३८३,४२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | ३२,३३ | लामगादी घाट | १,६०० | १,६०० | १५ | ८४७,४४० |
| १९ | ९,१० | रामघाट | १२५,७६० | १२५,७६० | १५ | ६६,६०८,७८४ |
| २० | ३, ११ | नारायणस्थान घाट | ७,३५० | ७,३५० | १५ | ३,८९२,९२८ |
| २१ | १९ | ढावा घाट | १०,२५० | १०,२५० | १५ | ५,४२८,९१३ |
| २२ | १९ | मर्दी लस्ती दोभान घाट | ६,४०० | ६,४०० | १५ | ३,३८९,७६० |
| २३ | १९ | दशखेत घाट | १६,५०० | १६,५०० | १५ | ८,७३९,२२५ |
| २४ | १९,२५ | तुलसीतरा घाट | ६,००० | ६,००० | १५ | ३,१७७,९०० |
| २५ | १९,२५ | पूरनचौर नया घाट | ५,००० | ५,००० | १५ | २,६४८,२५० |
| २६ | १९,२५ | पूरनचौरढोडीनी घाट | ९,००० | ९,००० | १५ | ४,७६६,८५० |
| २७ | १९,२५ | रुद्रमहादेव घाट | ८,५३५ | ८,५३५ | १५ | ४,५२०,५६३ |
| २८ | १९,२५ | सहस्रधारा घाट | १३,१२५ | १३,१२५ | १५ | ६,९५१,६५६ |
| २९ | १९,२५ | गोस्ते लामाचौर घाट | ६,८४० | ६,८४० | १५ | ३,६२२,८०६ |
| ३० | २५,१६ | तल्लो गोस्ते घाट | १४,५६० | १४,५६० | १५ | ७,७११,७०४ |
| ३१ | २५,१६ | गजरे घाट | १३,५०० | १३,५०० | १५ | ७,१५०,२७५ |
| ३२ | २५,१६ | याम्दी घाट | ९,००० | ९,००० | १५ | ४,७६६,८५० |
| ३३ | १, १६ | लालटीन बजार घाट | १०,९७६ | १०,९७६ | १५ | ५,८१३,४३८ |
| ३४ | | फेवाताल सिल्ट्रेशन ड्याम | २५०,००० | २५०,००० | १५ | १३२,४१२,५०० |
| | | **जम्मा** | **७८८,६६६** | **७८८,६६६** | | **४१७,७१६,९४७** |

महानगरपालिकाले ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्रीकोलागि ठेक्का आह्वान गरी आय संकलन गरीआएको छ । त्यसैले यस शीर्षकमा महानगरपालिकालाई प्राप्त हुन सक्ने आय कूल आय सम्भाव्यताको ६० प्रतिशत जति हुन सक्दछ, किनकि असूली रकमबाट मूल्य अभिबृद्धि कर, असूली खर्च तथा ठेकदारको नाफा कट्टा भई वाँकी रकम मात्र नगरपालिकामा जम्मा हुने हुन्छ ।

**सुधारका पक्षहरू:**

- ऐलानी जग्गा तथा दहत्तर बहत्तरबाट उत्पादन हुने काठ तथा दाउराको बिक्री दर आर्थिक ऐनमा समावेश गर्ने ।
- ढुङ्गा, गिट्टी, वालुवा एवं माटोको बिक्री दर पुनरावलोकन गर्ने ।
- ढुङ्गा, गिट्टी, वालुवा एवं माटो उत्खनन स्थानको पहिचान गरी आर्थिक वर्ष शुरु हुनुभन्दा पहिले नै प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न गरी बिक्रीको लागि टेण्डर आह्वान गर्ने । (नयाँ क्षेत्रमा घाटीछिना घाट, सुईखेत खोला घाट र खहरे खोला घाट समावेश गर्ने)
- ढुङ्गा, गिट्टी, वालुवा एवं माटो बिक्रीको ठेक्का नलागेमा वडाको सहयोगमा नगरपालिका आफैले बिक्री गर्ने व्यवस्था गर्ने ।
- नदीजन्य पदार्थको चोरी निकासी तथा चुहावटलाई नियन्त्रण गर्न अनुगमन प्रणालीको स्थापना गर्ने ।
- माटो तथा नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा अनुगमन सम्वन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने ।

**घ.२ फोहरमैला व्यवस्थापन शुल्क**

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । महानगरपालिकाले महानगर क्षेत्रमा सञ्चालित उद्योग तथा व्यबसायहरुलाई मुख्य बजार, आंशिक बजार, अन्य बजार र आवासीय गरी ४ वर्गमा विभाजन गरेर फोहर व्यवस्थापन तथा सरसफाय शुल्क लगाउने व्यवस्था गरेको छ। फोहरमैला व्यवस्थापन शुल्क सार्वजनिक निजी साझेदारीमा ६ निजी कम्पनी सँग सम्झौता मार्फत संकलन गर्दै आइएको छ । व्यापारिक संघसंस्थाहरु लाई विभिन्न ८५ उप वर्गहरुमा विभाजन गरी हरेकलाई फरक फरक दरमा शुल्क लगाउने गरेको छ । निजी क्षेत्रले संकलन गरेको शुल्कको रकमबाट ८० प्रतिशत निजी क्षेत्रलाई दिई बाँकी २० प्रतिशत रकम नगरपालिकामा जम्मा हुने व्यवस्था रहेको छ । महानगरपालिकाले आ.व. २०७५।७६ मा फोहरमैला व्यवस्थापन शुल्कबाट करिब ४ करोड आय आर्जन गरेको देखिन्छ । चालु आ.व. मा यस सम्बन्धी शीर्षकमा अन्य बिक्री तथा सेवा शुल्क पनि समावेश गरी ६५ करोड २० लाख आय आर्जन गर्ने लक्ष्य राखेको देखिन्छ । यस शीर्षकबाट महानगरको आय सम्भाव्यता ४,००,००,००० रहेको देखिन्छ ।

**सुधारका पक्षहरू:**

- नागरीक तथा व्यबसायीहरुको सहभागीतामा फोहरमैला व्यवस्थापन शुल्कको दर समयानुकूल पुनरावलोकन गर्ने ।
- सरसफाई शुल्क संकलनका लागि क्षेत्र विस्तार गरी निजी क्षेत्रको सहभागी गराउने गरी टेन्डर प्रक्रियामा जाने ।
- फोहरमैला शुल्क वापत उठ्न सक्ने आयको सम्भाव्यताको विस्तृत अध्ययन गर्ने ।

**घ.३ सेवा शुल्क**

**हालको अवस्था:** महानगरक्षेत्रमा पर्यटकीय महत्वका निम्न स्थलहरुमा दृश्यावलोकन वापत सेवा शुल्क लिने गरी महानगरले निजी क्षेत्रलाई आय ठेक्का लगाएको छ । यसबाट वार्षिक रु १,०२,३३,००० आय सम्भाव्यता देखिन्छ ।

- सेती गर्जः वार्षिक रु ३३,३३,३३३
- फेवातालः वार्षिक रु ९,००,०००
- सरांकोट क्षेत्रः वार्षिक रु ६०,००,०००

**ङ) पार्किङ शुल्क**

**हालको अवस्था:** महानगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ। महानगरपालिकाले आफुले व्यवस्थापन गरेको पार्किङ्ग स्थल तथा तोकिएका सडक छउमा पार्किङ्ग गरेवापत सवारी साधन अनुसार प्रति घन्टा रु १० देखि ३० सम्म शुल्क निर्धारण गरेको छ। संस्थागत रुपमा सवारी पार्किङ्ग सेवा लिनेलाई भने मासिक रुपमा शुल्क लगाउने व्यवस्था छ। आ.व. २०७५।७६ मा महानगरपालिकाले पार्किङ्ग शुल्कबाट २ लाख २६ हजार आय आर्जन गरेको देखिन्छ। चालु आ.व. २०७६।७७ मा यस शीर्षकबाट १ करोड ५० लाख उठाउने लक्ष्य लिइएको छ । नगरपालिकाले २०७६ चैत्र देखि २०७८ फाल्गुण सम्म २ वर्षका लागि सडक छेउको पार्किङ्ग शुल्क उठाउनका लागि निजी क्षेत्रलाई ३ करोड १६ लाख ७० हजारमा ठेक्को दिएको छ। नगरक्षेत्रमा रहेका बसपार्कहरुबाट स्थानीय क्लवहरुले आफु खुशी शुल्क असूली गरीआएको पाइन्छ जसमा नगरपालिकाको संलग्नता भएको देखिदैन ।

**सम्भाव्यता :** महानगरपालिका क्षेत्रमा दर्ता भई सञ्चालनमा रहेका चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरुको संख्या करिब २ लाख भएको अनुमान छ। नगर क्षेत्रका अधिकांश व्याबसायिक भवनमा भूमिगत पार्किङ्गको सुविधा

नभएकाले धेरै जसो सवारी सडकमा नै हुन्छन् । साथै पोखरामा सिद्धार्थ राजमार्ग र पूर्व पृथ्वी राजमार्गको संगम स्थल भएको यस क्षेत्र भएर गुड्ने सवारी साधनहरुलाई पार्किङ्ग सेवाको आवश्यकता ठुलो रहेको देखिन्छ । महानगरपालिका क्षेत्रमा पृथ्वी चोकमा रहेको बसपार्क र टुरिष्ट बसपार्क नगर विकास समितिको स्वामित्वमा सञ्चालनमा रहेकोले महानगरले आम्दानी गर्न सकेको छैन् तर स्थानीय क्लवहरुले शुल्क असूली गरी आएका छन् । वाग्लुङ्ग बसपार्क भने स्थानीय समितिले सञ्चालन गरीरहेकोले महानगरलाई शुल्क प्राप्त भएको छैन । बेगनास बसपार्क चालु आर्थिक वर्षको आय ठेक्कामा संलग्न गर्ने तयारी छ । महानगरपालिका क्षेत्रमा रहेका विद्यमान पार्किङ्ग स्थल र सो बाट उठ्न सक्ने शुल्कको निम्न अनुसार आय सम्भाव्यता देखिन्छ ।

**तालिका १४: पार्किङ्ग शुल्कको सम्भाव्यता विवरण**

| क्र.सं. | विद्यमान तथा सम्भाव्य पार्किङ स्थल | दैनिक अनुमानित पार्किङ्ग संख्या | औसत पार्किङ शुल्क | सम्भाव्य आय |
|---|---|---|---|---|
| १ | बाग्लुंग बसपार्क | १०० | ३० | १,०८०,००० |
| २ | पृथ्वी चोक बसपार्क | ५०० | ३० | ५,४००,००० |
| ३ | नगरपालिकाले तोकेका सडकका दायाँवायाँ क्षेत्र | ४,००० | २० | २८,८००,००० |
| | **जम्मा** | | | **३५,२८०,०००** |

**सुधारका पक्षहरू:**

- नगरक्षेत्र भित्र स्थान पहिचान गरी सवारी पार्किङ्ग स्थल तोक्ने र तोकिएको स्थान बाहेक अन्य स्थलमा पाकिङ्ग निषेध गर्ने ।
- सडक छेउबाट पार्किङ्ग शुल्क असूली कार्य निजी क्षेत्रको साझेदारीमा गर्ने ।
- नगरपालिकामा हाल सञ्चालनमा रहेका पृथ्वी चौक बस पार्क तथा वाग्लुङ्ग बसपार्क संचालन तथा व्यवस्थापनका लागि निजी क्षेत्रसँग साझेदारीमा गर्ने गरी प्रस्ताव आह्वान गर्ने ।

**च) अन्य क्षेत्रको आय (सामुदायिक वन)**

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्वन्धीत गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । महानगरपालिकाले यस शीर्षकबाट आ.व. २०७५।७६ मा कुनै आय गरेको देखिदैन ।

**सम्भाव्यता:** पोखरा महानगरपालिका क्षेत्रमा सामुदायिक वनहरु रहेका छन् । सामुदायिक वन पैदावार बिक्रीको १० प्रतिशत रकम यकीन गर्न महानगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिहरुको कार्य योजनाले निर्धारण गरेको बिक्रीको परिमाण सम्बन्धी तथ्यांक आवश्यक पर्दछ । महानगर सँग सामुदायिक वन सम्वन्धी विवरण उपलब्ध नभएको सम्भाव्यता यकीन गर्न थप अध्ययन गर्नुपर्ने देखिन्छ । अनुमानको आधारमा यस शीर्षकबाट वार्षिक ५,००,००० आय हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- नगरक्षेत्रमा रहेका सामुदायिक वनहरु तथा वनबाट बिक्रीहुने उत्पादनको सूचना संकलन गर्ने ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसँग छलफल गरी परिवर्तित प्रावधानका बारेमा जानकारी गराउने ।

- सामुदायिक वनहरुको कार्ययोजना तर्जुमा गरी बिक्री परिमाण तथा बिक्री दर निर्धारण गर्ने ।
- वन कार्यालयसँगको समन्वयमा अनुगमन गर्ने ।

## ५. नगरपालिकाको राजस्व सुधार कार्ययोजना

महानगरपालिकाको राजस्व प्रणालीमा सुधार ल्याउन गर्नुपर्ने कार्यहरुको पहिचान गर्न सम्वद्ध मुख्य सरोकारपक्षहरुको सहभागीतामा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालाका सहभागीहरू ८ वटा समूहमा बसी राजस्व सुधारकोलागि गर्नुपर्ने कार्यहरुको पहिचान गरी त्यसलाई प्लेनरीमा प्रस्तुती गरिएको थियो । सुदृढ परियोजनाका सहजकर्ताहरुद्वारा कार्यशालाबाट प्राप्त सुझावहरुका अतिरिक्त संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न चार क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना
घ. सार्वजनिक निजी साझेदारी

**तालिका १५: राजस्व सुधार कार्ययोजना**

मस्यौदा तयारी कार्यशाला मितिः २४ माघ, २०७६

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | **प्रस्ताव तयार गर्ने** | **परिमार्जन, स्वीकृति र कार्यान्वयन** | **आ.व. २०७६।७७** | **आ.व. २०७७।७८** | **आ.व. २०७८।७९** |
| **(क) कर तर्फ** | | | | | |
| **सम्पत्ति कर** | | | | | |
| अस्थायी प्रकारको भौतिक संरचनालाई समेत सम्पत्ति करको दायरा ल्याउने गरी भौतिक संरचनाको मूल्यांकन दरमा पुनरावलोकन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति र राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |
| सम्पत्ति करको दर तथा बक्यौता रकममा जरिवाना दर पुनरावलोकन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति, नगर सभा | २०७७ असार भित्र | | |
| सम्पत्ति करको विवरणसंग घर जग्गा बहाल कर र व्यबसाय करलाई आबद्ध (Link) गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |
| आ.व. २०७८।७९ देखि घर र घरले चर्चेको जग्गामा मात्र सम्पत्ति कर लगाउने व्यवस्थाकोलागि पूर्व तयारी गर्ने तथा सोही अनुसार सफ्टवयर प्रणालीमा सुधार गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| सम्पत्ति कर कार्यान्वयनकोलागि सम्पत्ति कर कार्यविधि तर्जुमा गरी सोमा सम्पत्ति कर असूलीका प्रक्रियागत व्यवस्था तथा कर नलाग्ने सम्पत्तिहरुको स्पष्ट व्यवस्था गर्ने । | राजस्व प्रशासन शाखा | कानून शाखा, राजस्व परामर्श समिति, नगर कार्यपालिका | | २०७८ असार भित्र | |
| घर जग्गा मूल्यांकनलाई बजार मूल्यका आधारमा अद्यावधिक गरी सम्पत्ति करको मूल्यांकन र घरजग्गा रजिष्ट्रेशनमा एउटै मूल्यांकन दर कायम गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति, नगर कार्यपालिका | | २०७८ असार भित्र | |
| **भूमिकर (मालपोत)** | | | | | |
| महानगरपालिका जग्गाहरुलाई कृषि र शहरी (आबसीय, व्याबसायिक, औद्योगिक) क्षेत्रमा वर्गीकरण गरी कृषि क्षेत्रका | राजस्व प्रशासन शाखा तथा प्राविधिक शाखा | राजस्व परामर्श समिति, नगर सभा | | २०७८ असार भित्र | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार गर्ने | परिमार्जन, स्वीकृति र कार्यान्वयन | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ |
| लागि मालपोत र शहरी क्षेत्रका लागि भूमिकरको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्ने । | | | | | |
| **घर जग्गा बहाल कर** | | | | | |
| घरजग्गा बहाल करको दर बहाल आम्दानीको आधारमा हुने गरी आर्थिक ऐन परिमार्जन गर्ने र करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति नगर कार्यपालिका र नगर सभा | २०७७ असार भित्र | | |
| घर जग्गा बहाल कर निर्धारणकोलागि न्यूनतम बहाल मूल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा व्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई आधार लिने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति नगर कार्यपालिका र नगर सभा | २०७७ असार भित्र | | |
| आन्तरिक राजस्व कार्यालयमा घरजग्गा बहाल कर संकलनको लागि डेक्स राख्ने र कम्प्युटर प्रणालीमा आबद्ध (Link) गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| बहाल करका संकलन प्रक्रियामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गर्ने । | राजस्व प्रशासन शाखा | कानून शाखा र नगर कार्यपालिका | | २०७८ श्रावण भित्र | |
| बहाल कर सम्वन्धी व्यवस्थाहरुको सूचनामूलक सामग्री तयार गरी प्रचार प्रसार गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र वडा कार्यालयहरु | | २०७८ असार भित्र | |
| **व्यबसाय कर** | | | | | |
| व्यबसाय करको दर निर्धारण गर्दा लगानीको अतिरिक्त तथा कारोवार रकम एंव व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर पुनरावलोकन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति तथा नगर सभा | २०७७ असार भित्र | | |
| व्यबसाय कर असूलीमा आन्तरिक राजस्व कार्यालय तथा घरेलु तथा साना उद्योग कार्यालयसंग समन्वय गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |
| व्यबसाय करको दायरा भन्दा वाहिर रहेका व्यबसायहरु ( उदाहरणको लागि अनलाइन, घुमन्ते व्यापारी, फुडट्रक आदि) करको दायरामा ल्याउने गरी आर्थिक ऐन तर्जुमा गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति तथा नगर सभा | २०७७ असार भित्र | | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | **प्रस्ताव तयार गर्ने** | **परिमार्जन, स्वीकृति र कार्यान्वयन** | **आ.व. २०७६।७७** | **आ.व. २०७७।७८** | **आ.व. २०७८।७९** |
| व्यबसाय कर तोकिएको समय भन्दा पहिले तिर्नेलाई छुटको व्यवस्था गर्ने । | राजस्व प्रशासन शाखा | रराजस्व परामर्श समिति तथा नगर सभा | २०७७ असार भित्र | | |
| व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहितको व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति तथा नगर कार्यपालिका | २०७७ असार भित्र | | |
| व्यबसायहरुको दर्ता तथा व्यबसाय कर असुल गर्न कर संकलन टोलीको निर्माण गरी परिचालन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा तथा वडा कार्यालय | | २०७७ आस्वीन देखि | |
| स्थलगत रुपमा व्यबसाय संचालनको अवस्था अनुगमन गरी त्यससंग व्यबसाय दर्ताको लगत चेक जाँच गर्ने अभियान संचालन गरी नयाँ व्यबसाय दर्ता गर्ने तथा संचालनमा नरहेका व्यबसायको लगत कट्टा प्रक्रिया अघि बढाउने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा तथा वडा कार्यालय | | २०७८ असार भित्र | |
| विभिन्न पेशाकर्मीहरु (जस्तै कानून व्यबसायी, अडिटर, डक्टर, इन्जिनियर) लाई व्यबसाय करको दायरामा ल्याउन अभियान संचालन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| **जडिवुटी, कवाडी तथा जीवजन्तु कर** | | | | | |
| जडिवुटी, कवाडी तथा जीवजन्तुको कारोवार गर्ने व्यबसायीहरुको लगत तयार गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा तथा वडा कार्यालय | | २०७८ असार भित्र | |
| व्यबसायीहरुबाट बिक्री हुने वस्तुको परिमाणको आधारमा ( जस्तो के.जी. गोटा,) करको दर निर्धारण गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति नगर कार्यपालिका र नगर सभा | २०७७ असार भित्र | | |
| **विज्ञापन कर** | | | | | |
| स्थलगत रुपमा अध्ययन गरी व्यबसाय सम्भाव्यता यकीन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र वडा कार्यालयहरु | | २०७८ असार भित्र | |
| अध्ययनको निष्कर्षको आधारमा विज्ञापन कर परिचालन कार्यविधिको तर्जुमा गर्ने । | राजस्व प्रशासन शाखा | कानून शाखा र राजस्व शाखा | | २०७८ असार भित्र | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार गर्ने | परिमार्जन, स्वीकृति र कार्यान्वयन | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ |
| **(ख) गैर कर राजस्व तर्फ** | | | | | |
| **बहाल बिटौरी शुल्क** | | | | | |
| सार्वजनिक जग्गा उपयोग गरी व्यापार व्यबसाय गर्ने स्थानहरु र सार्वजनिक जग्गा उपयोग गरी बसोवास गरेका घरधनीहरुको अभिलेख तयार गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र वडा कार्यालय | | २०७८ असार भित्र | |
| सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी करको दायरामा ल्याउन कार्यविधि तर्जुमा गर्ने । | राजस्व प्रशासन शाखा | कानून शाखा तथा नगर कार्यपालिका | | २०७८ असार भित्र | |
| सार्वजनिक जग्गा उपयोग गरी बसोबास गर्नेसंग बहाल बिटौरीको अभिलेख राखी शुल्क संकलन गर्ने । | राजस्व शाखा | राजस्व प्रशासन शाखा र वडा कार्यालय | | २०७८ श्रावण देखि | |
| **सम्पत्ति परिचालन** | | | | | |
| न्यूनतम भाडा तर र बहाल मूल्य आर्थिक ऐनमा समावेश गर्ने र समयमा बुझाउनेलाई छुट तथा ढीलो बुझाउनेलाई जरिवाना सम्वन्धी व्यवस्था गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति, नगर कार्यपालिका तथा नगर सभा | २०७७ असार भित्र | | |
| नगर क्षेत्र भित्र सवै वडामा रहेका महानगरपालिकाको स्वामित्व र हकभोगमा रहेका जग्गा तथा संरचनाहरुको उपयोगको अवस्था समेत देखिने गरी अभिलेख अद्यावधिक गर्ने । | राजस्व प्रशासन शाखा | प्राविधिक शाखा र राजस्व प्रशासन तथा नगर कार्यपालिका तथा वडा कार्यालयहरु | | २०७८ असार भित्र | |
| बहाल आय आर्जन हुने सम्पत्तिको बहाल सम्वन्धी सूचना प्रकाशन तथा आय ठेक्का व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | राजस्व प्रशासन शाखा | नगरकार्यपालिका | | २०७८ असार भित्र | |
| नगरपालिकाको लगानीको केही अंश दीर्घकालिन रुपमा आय आर्जन हुन सक्ने क्षेत्रहरु (जस्तो तरकारी तथा फलफुल बजार, पार्किङ स्थल, मनोरन्जन क्षेत्र, सपिङ्ग कम्पलेक्स) मा लगानी गर्ने नीति तर्जुमा तथा कार्यान्वयन गर्ने । | पूर्वाधार शाखा र राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति, नगर कार्यपालिका, नगर सभा | | २०७८ असार भित्र | |
| **पर्यटन सेवा शुल्क** | | | | | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार गर्ने | परिमार्जन, स्वीकृति र कार्यान्वयन | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ |
| नगरका पर्यटकीय स्थलहरुमा प्रवेश वापत पर्यटन शुल्कको दर आर्थिक ऐनमा समावेश गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति, नगर कार्यपालिका, नगर सभा | २०७७ असार भित्र | | |
| केवलकारको पर्यटन सेवा शुल्क आर्थिक ऐनमा समावेश गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति, नगर कार्यपालिका, नगर सभा | | | |
| **ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु र दहत्तर बहत्तर बिक्री** | | | | | |
| ऐलानी जग्गा तथा दहत्तर बहत्तर बाट उत्पादन हुने काठको बिक्री दर आर्थिक ऐनमा समावेश गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति , नगर कार्यपालिका, नगर सभा | २०७७ असार भित्र | | |
| ढुङ्गा, गिट्टी, वालुवा एवं माटोको बिक्री दर पनरावलोकन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति , नगर कार्यपालिका, नगर सभा | २०७७ असार भित्र | | |
| ढुङ्गा, गिट्टी, वालुवा एवं माटो उत्खनन स्थानको पहिचान गरी आर्थिक वर्ष शुरु हुनु भन्दा पहिले नै प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न गरी बिक्रीको लागि टेण्डर आह्वान गर्ने । (नयाँ क्षेत्रमा घाटीछिना घाट, सुईखेत खोला घाट र खहरे खोला घाट समावेश गर्ने) | राजस्व प्रशासन शाखा र वातावरण शाखा | राजस्व परामर्श समिति तथा नगर सभा, राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |
| ढुङ्गा, गिट्टी, वालुवा एवं माटो बिक्रीको ठेक्का नलागेमा वडाको सहयोगमा नगरपालिका आफैले बिक्री गर्ने व्यवस्था गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा, वडा कार्यालयहरु, | २०७७ असोज देखि | | |
| नदीजन्य पदार्थको चोरी निकासी तथा चुहावटलाई नियन्त्रण गर्न उत्खनन परिमाण प्रमाणीकरण तथा अनुगमन प्रणालीको स्थापना गर्ने । | अनुगमन शाखा | अनुगमन शाखा, वातावरण शाखा, र राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार गर्ने | परिमार्जन, स्वीकृति र कार्यान्वयन | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ |
| माटो तथा नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा अनुगमन सम्वन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने । | राजस्व प्रशासन शाखा | वातावरण शाखा, कानून शाखा तथा नगर कार्यपालिका | | २०७८ श्रावण भित्र | |
| **फोहरमैला व्यवस्थापन शुल्क** | | | | | |
| नागरीक तथा व्यबसायीहरुको सहभागीतामा फोहरमैला व्यवस्थापन शुल्कको दर समयानुकूल पुनरावलोकन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा तथा नगर कार्यपालिका | | २०७८ असार भित्र | |
| सरसफाइ शुल्क संकलनका लागि क्षेत्र विस्तार गरी निजी क्षेत्रलाई सहभागी गराउने गरी टेन्डर प्रक्रियामा जाने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| फोहरमैला शुल्क वापत उठ्न सक्ने आयको सम्भाव्यताको विस्तृत अध्ययन गर्ने । | राजस्व प्रशासन शाखा | वातावरण शाखा र राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| **पार्किङ्ग शुल्क** | | | | | |
| नगरक्षेत्र भित्र स्थान पहिचान गरी सवारी पार्किङ्ग स्थल तोक्ने र तोकिएको स्थान बाहेक अन्य स्थलमा पार्किङ्ग निषेध गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |
| सडक छेउबाट पार्किङ्ग शुल्क असूली कार्य निजी क्षेत्रको साझेदारीमा गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |
| नगरपालिकामा हाल सञ्चालनमा रहेका पृथ्वी चौक बस पार्क तथा वाग्लुङ्ग बसपार्क संचालन तथा व्यवस्थापनकोलागि निजी क्षेत्रसँग साझेदारीमा गर्ने गरी प्रस्ताव आह्वान गर्ने । | | | | २०७८ असार भित्र | |
| **सामुदायिक वनको आय** | | | | | |
| नगरक्षेत्रमा रहेका सामुदायिक वनहरु तथा वनबाट बिक्रीहुने उत्पादनको सूचना संकलन गर्ने । | राजस्व प्रशासन शाखा | वातावरण शाखा र राजस्व प्रशासन शाखा | | २०७७ मंसिर भित्र | |
| सामुदायिक वन उपभोक्ता समितिहरुसँग छलफल गरी परिवर्तित प्रावधानका बारेमा जानकारी गराउने । | वातावरण शाखा | नगर कार्यपालिका र राजस्व शाखा | | २०७७ मंसिर भित्र | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | **प्रस्ताव तयार गर्ने** | **परिमार्जन, स्वीकृति र कार्यान्वयन** | **आ.व. २०७६।७७** | **आ.व. २०७७।७८** | **आ.व. २०७८।७९** |
| सामुदायिक वनहरुको कार्ययोजना तर्जुमा गरी बिक्री परिमाण तथा बिक्री दर निर्धारण गर्ने । | राजस्व शाखा | राजस्व परामर्श समिति, नगर कार्यपालिका | | २०७७ पौष भित्र | |
| वन कार्यालयसँगको समन्वयमा अनुगमन गर्ने । | वातावरण शाखा | वातावरण शाखा | | निरन्तर | निरन्तर |
| **नक्सापास शुल्क** | | | | | |
| नगर क्षेत्र भित्र निर्माण भएका, निर्माण मापदण्ड अनुसार भएका तर नक्सापास नभएका घर तथा तल्लाहरुलाई नक्सापासको दायरा भित्र ल्याउन विशेष अभियान सञ्चालन गर्ने । | प्राविधिक शाखा | प्राविधिक शाखा र राजस्व प्रशासन तथा नगर कार्यपालिका तथा वडा कार्यालयहरु | | २०७८ असार भित्र | |
| **(ग) राजस्व प्रशासन सुधार** | | | | | |
| राजस्वको दायराको आधारमा सम्भाव्यता अध्ययन गरी राजस्वको सुधार कार्ययोजना तर्जुमा तथा राजस्व प्रक्षेपण गर्ने । | आर्थिक प्रशासन महाशाखा र राजस्व प्रशासन शाखा | आर्थिक प्रशासन महाशाखा र राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | २०७८ असार भित्र | २०७९ असार भित्र |
| आर्थिक ऐन तथा सो को कार्यान्वयन सम्वन्धमा संलग्न कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | | २०७७ भाद्र भित्र | |
| सवै कर, शुल्क तथा दस्तुरमा पहिलो चौमासिक भित्र वार्षिक कर भुक्तानी गरेमा निश्चित प्रतिशत छुट तथा आर्थिक वर्षको समाप्ति पछि जरिवाना लाग्ने व्यवस्था आर्थिक ऐनमा गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व परामर्श समिति , नगर कार्यपालिका, नगर सभा | २०७७ असार भित्र | | |
| नगरपालिकाको आर्थिक ऐनको विषयमा जनचेतना अभियान संचालन गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र वडा कार्यालयहरु | | २०७८ मंसिर भित्र | |
| वडामा राजस्व संकलन गर्दा पर्न आउने समस्यावारे तत्काल सुझाव लिइ समाधानको उपाय खोज्न सम्पर्क अधिकारी तोक्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | २०७७ असार भित्र | | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार गर्ने | परिमार्जन, स्वीकृति र कार्यान्वयन | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ |
| राजस्वको सफ्टवयर सुधार गरी एउटै सफ्टवयर तथा प्रिन्टरबाट राजस्व असुल गर्ने तथा अनलाईन राजस्व संकलनको व्यवस्था गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र सुचना प्रविधि शाखा | | २०७८ असार भित्र | |
| कर संकलन तथा राजस्व अभिलेख सफ्टवयर परीक्षण गरी आवश्यक सुधार गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र सुचना प्रविधि शाखा | | २०७८ असार भित्र | |
| राजस्व फिर्ता गर्नुपर्ने अवस्था आँउदा फिर्ता दिनको लागि खर्च शीर्षकमा फिर्ता खर्चको व्यवस्था गर्ने । | आर्थिक प्रशासन महाशाखा | आर्थिक प्रशासन महाशाखा | २०७७ असार भित्र | | |
| आन्तरिक लेखापरीक्षणमा राजस्व परीक्षण अनिवार्य गर्ने । | आ.ले.प. शाखा | आ.ले.प. शाखा | २०७७ असार भित्र | | |
| संकलित आन्तरिक राजस्व तथा सो को सदुपयोगवारे नागरीकहरुलाई सूसुचित गर्ने प्रणाली स्थापना गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र सूचना प्रविधि शाखा र वडा कार्याल्य | | २०७८ असार भित्र | |
| वडामा राजस्व संकलनको लागि विजुलीको नियमित आपूर्तिको लागि जेनरेटर वा इन्भर्टरको व्यवस्था गर्ने । | भण्डार शाखा | खरिद तथा भण्डार शाखा | २०७८ असार भित्र | | |
| राजस्व ऐन तर्जुमा तथा कार्यका लागि प्रयोगमा भएका फारामहरु परिमार्जन सहित सहज वनाई कार्यविधिमा संलग्न गर्ने ।<br>● सम्पत्ति कर संकलन<br>● व्यबसाय कर संकलन<br>● बहाल कर संकलन<br>● प्राकृतिक स्रोत परिचालन | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| करदातालाई अनलाइन मार्फत स्वयं कर निर्धारण गर्न सक्ने व्यवस्था गरी अनलाइनबाट नै भुक्तानी हुने सफ्टवयर विकास गर्ने । | राजस्व प्रशासन शाखा | राजस्व प्रशासन शाखा र सुचना प्रविधि शाखा | | | २०७९ असार भित्र |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | **प्रस्ताव तयार गर्ने** | **परिमार्जन, स्वीकृति र कार्यान्वयन** | **आ.व. २०७६।७७** | **आ.व. २०७७।७८** | **आ.व. २०७८।७९** |
| राजस्व संकलनका लागि छुट्टै कर्मचारीहरुको समूह वनाई राजस्व सम्वन्धी तालिम प्रदान गर्ने । | राजस्व प्रशासन शाखा | प्रशासन महाशाखा र राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| राजस्व संकलन लगायत सो कार्यमा खटिने जनशक्तिको क्षमता अभिबृद्धि गरी प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने एंव राजस्व छली गर्न सहयोग गर्नेलाई दण्डित गर्ने नीति अवलम्वन गर्ने । | राजस्व प्रशासन शाखा | आर्थिक प्रशासन महाशाखा र राजस्व प्रशासन शाखा | | २०७८ असार भित्र | |
| राजस्व सुधार योजना कार्यान्वयनको अनुगमन नियमित रुपमा गर्ने । | अनुगमन शाखा | अनुगमन शाखा | | २०७८ असार भित्र | |
| **(घ) सार्वजनिक निजी साझेदारी** | | | | | |
| नगर क्षेत्रमा रहेका पर्यटकीय स्थानहरुलाई परिचालन गरी राजस्व संकलनमा साझेदारीको सम्भाव्यता अध्ययन गर्ने । | राजस्व प्रशासन शाखा | पूर्वाधार महाशाखा र पर्यटन शाखा | | २०७८ असार भित्र | |
| पार्क तथा पर्यटकीय स्थान विकास गरी राजस्व परिचालनमा निजी क्षेत्रको सहभागीताको विषयमा सम्भाव्यता अध्ययन गर्ने । | राजस्व प्रशासन शाखा | पूर्वाधार महाशाखा र पर्यटन शाखा | | २०७८ असार भित्र | |
| नगर क्षेत्रमा पसलकवलहरु निर्माण गर्न सकिने सम्भाव्य क्षेत्रहरु पहिचान गरी निजी क्षेत्रको सहभागीतामा निर्माण गरी आय आर्जन गर्ने । | राजस्व प्रशासन शाखा | पूर्वाधार महाशाखा | | २०७८ असार भित्र | |
| सडक वत्ती व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार डिजिटल विज्ञापन पाटी राख्न प्रस्ताव तयार गर्ने । | राजस्व प्रशासन शाखा | पूर्वाधार महाशाखा | | | २०७९ असार भित्र |
| आधुनिक पशुवधशाला निर्माण गरी प्रतिस्पर्धाका आधारमा संचालन गर्न निजी क्षेत्रलाई लिजमा दिने । | राजस्व प्रशासन शाखा | वातावरण शाखा र सरसफाइ शाखा | | | २०७९ असार भित्र |

## ६. आगामी तीन वर्षको आय प्रक्षेपण

महानगरपालिकाको राजस्व अधिकार र राजस्व संभाव्यता, विगत दुई आर्थिक वर्षको यथार्थ आय तथा चालु आ.व. मा हाल सम्मको आय संकलन अवस्थालाई विश्लेषण गरी आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महानगरपालिकाको राजस्व प्रक्षेपण महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ ।

### ६.१ कोभिड १९ र बन्दाबन्दीको राजस्व संकलनमा पर्ने असर आकलन

विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ महामारी र त्यसको प्रभाव न्यूनीकरणकालागि गरिएको बन्दाबन्दीले राजस्व संकलनमा पार्ने प्रभावलाई आकलन गर्ने प्रयास गरिएको छ । २०७६ चैत्र ११ गते देखि २०७७ बैशाख २५ सम्म अत्यावश्यक बाहेकका सबै प्रकारका यातायात सेवा, उद्योग, व्यापारका साथै आवतजावतमा रोक लगाइएकाले रोजगारी तथा आर्थिक कारोवार बन्द प्रायः रहेको थियो । नेपाल सरकारले बैशाख २६ गते देखि बन्दाबन्दीको अवस्था केही सहज बनाई उत्पादन मूलक उद्योग तथा अत्यावश्यक वस्तु तथा सेवाको सञ्चालनमा केही सुगमता ल्याउन खोजेपनि आर्थिक गतिविधिहरुमा संकुचनका साथै तथा राजस्व संकलनका स्रोतहरुमा प्रतिकूल असर पारिरहेको छ । महानगरपालिकाले चालु वर्षको राजस्व असूलीमा मात्र नभई आर्थिक संकुचनको कारणले आगामी आर्थिक वर्षको राजस्व असूलीमा समेत प्रभाव पर्ने देखिएको छ । त्यसैले महानगरपालिकाको आगामी आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्दा त्यसले प्रभाव पार्न सक्ने क्षेत्रमा संकलन हुने राजस्वमा पनि संकुचन आउने प्रक्षेपण गरिएको छ ।

- घरबहाल करः नगरको आर्थिक गतिविधिहरुमा आउने संकुचनले आगामी आर्थिक वर्षमा बहालमा लिई व्यबसाय सञ्चालन गर्ने तथा बहालमा बस्नेको संख्यामा कमी आउने आकलन गरिएको छ । त्यसका अतिरिक्त महानगरले चालु आर्थिक वर्षको बन्दाबन्दीको अवस्था (करिव २ महिना) बहालकर छुट दिँदा भुक्तानी गरीसकेका करदाताको घरबहाल करलाई आगामी आर्थिक वर्षको बहालकरमा समायोजन गर्नुपर्ने हुनाले यस शीर्षकको आय असूलीमा प्रभाव पार्ने अनुमान गरिएको छ ।
- व्यबसाय करः चालु आर्थिक वर्षमा बन्दाबन्दीको कारणले नगरक्षेत्रमा रहेका व्यापार, पेशा, व्यबसाय, उद्योगहरु बन्द भएको करिब २ महिना भई सकेको छ । महानगरपालिकाले चालु आ.व. को वन्द अवधिको व्यबसाय करमा सहुलियत दिने नीति अवलम्बन गर्न न्यायोचित हुने देखिन्छ । व्यबसाय कर वार्षिक कर भएको र यस्तो सहुलियत भुक्तानी गरीसकेका तथा भुक्तानी गर्न बाँकी दुबै वर्गका करदाताहरुले पाउनुपर्ने हुन्छ । त्यसको लागि सो अवधिको व्यबसाय कर छुट आगामी आर्थिक वर्षको व्यबसाय करमा समायोजन गर्दा सहज हुने हुन्छ । वन्द अवधिको व्यबसाय करलाई आगामी आर्थिक वर्षको व्यबसाय करमा समायोजन गर्दा यस शीर्षकमा हुने आयमा प्रभाव पार्ने अनुमान गरिएको छ ।
- नक्सा पास दस्तुरः बन्दाबन्दीको कारणले आर्थिक गतिविधिमा आएको कमीका कारण आगामी आर्थिक वर्षमा भवन निर्माण कार्यमा सुस्तता आउने अनुमान गरिएको छ । त्यसबाट यस शीर्षकको आयमा प्रभाव पर्ने अनुमान गरिएको छ ।
- घरजग्गा रजिश्ट्रेशन दस्तुरः बन्दाबन्दीको कारणले आर्थिक गतिविधिमा आएको कमीको कारणले आगामी आर्थिक वर्षमा रियल स्टेट कारोवारमा सुस्तता आउने अनुमान गरिएको छ । त्यसबाट यस शीर्षकको आयमा प्रभाव पर्ने अनुमान गरिएको छ ।

### ६.२ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. २०७७।७८ देखि २०७९।८०) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो । धेरैजसो शीर्षकहरूको आ.व. २०७६।७७ मा गरिएको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित

छ । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुन सक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शीर्षकगत रुपमा तल व्याख्या गरिएको छ ।

**तालिका १६: आगामी आ.व.ह□का लागि राजस्व प्रक्षेपणका आधारह□**

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०७७।७८ मा कूल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| | **संघीय सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | | आ.व. २०७७।७८ मा ६० करोड ९ लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१२ | सशर्त अनुदान चालु | | आ.व. २०७७।७८ मा १ अर्ब ५० करोड र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | | |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | प्रत्येक आ.व. मा १० करोड अनुदान प्राप्त हुने अनुमान |
| | **प्रदेश सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | | आ.व. २०७७।७८ मा २ करोड २० लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१२ | सशर्त अनुदान चालु | | आ.व. २०७७।७८ मा २ करोड १० लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | पूँजिगत कार्यक्रमकोलागि चालु आ.व. २०७७।७८ मा ५० लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | पूँजिगत कार्यक्रमकोलागि चालु आ.व. २०७७।७८ मा १ करोड र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१४ | विशेष अनुदान चालु | | आ.व. २०७७।७८ मा २ करोड र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| | **अन्य आन्तरिक अनुदान** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | सडक बोर्ड, नगर विकास कोष जस्ता संघसंस्थाबाट आ.व. २०७७।७८ मा रु ३ करोड प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |
| | **राजस्व बाँडफाट** | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७७।७८ मा २५ करोड र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | | आ.व. २०७७।७८ मा ३० करोड ६४ लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०७७।७८ मा कूल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | | आ.व. २०७७।७८ मा ८ करोड र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | | आ.व. २०७७।७८ मा रु ५ लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | आ.व. २०७७।७८ मा रु ५० लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | आ.व. २०७७।७८ मा रु ५० लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | आ.व. २०७७।७८ मा प्रदेश सरकारबाट रु ४ करोड ५० लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | आ.व. २०७७।७८ मा नगरपालिकाले गर्ने बाँडफाँड पछि रु ५० लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ४,९०,०० | आ.व. २०७७।७८ मा विज्ञापन कर वापत नगरपालिकाको हिस्सा ६० प्रतिशत प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| | **आन्तरिक स्रोत** | | |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | ६६,४१,०० | आ.व. २०७७।७८ मा कूल सम्भाव्यताको ४५ प्रतिशत र त्यसपछि वार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११३१४ | भूमि कर/मालपोत | २२,४६,६६ | आ.व. २०७७।७८ मा कूल सम्भाव्यताको ६५ प्रतिशत र त्यसपछि वार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११३२१ | घर बहाल कर | ५१,३८,८८ | आ.व. २०७७।७८ मा कूल सम्भाव्यताको ४५ प्रतिशत र त्यसपछि वार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११३२२ | बहाल बिटौरी कर ( शुल्क) | १,४६,२८ | बहाल बिटौरी शुल्कबाट आ.व. २०७७।७८ मा १५ लाख प्राप्त हुने र आ.व. २०७८।७९ मा सम्भाव्यताको ६० प्रतिशत र त्यसपछि क्रमश ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११६३२ | आखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जीवजन्तु कर) | ३,६०,०० | आय ठेक्का मार्फत संकलन हुने हुनाले आ.व. २०७७।७८ मा सम्भाव्यताको ६० प्रतिशत र त्यसपछि ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (सम्पत्ति भाडा) | २,९७,९९ | आ.व. २०७७।७८ मा कूल सम्भाव्यताको ९० प्रतिशत र त्यसपछि वार्षिक ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४१९१ | पर्यटन शुल्क | ९३,२० | आ.व. २०७७।७८ मा सम्भाव्यताको ८६ प्रतिशत र त्यसपछि क्रमश १५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | | पुराना मालसामानहरुको लिलाम बिक्रीबाट वार्षिक ५ लाख आय हुने अनुमान । |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०७७/७८ मा कूल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम (फाराम, घरनम्बर प्लेट, पुस्तक, नक्सा आदि) | | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्री बाट आ.व. २०७७/७८ मा रु ५ करोड संकलन हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री ( दृश्यावलोकन, सरसफाइ सेवा शुल्क तथा ढुङ्गा, वालुवा, माटो, काठ बिक्री समेत) | ४६,७९,४९ | – ठेक्का मार्फत आय संकलन हुने हुनाले ढुङ्गा, वालुवा, माटो, काठ बिक्रीको सम्भाव्यता रु ४१ करोड ७७ लाख १६ हजारको आ.व. २०७७/७८ मा सम्भाव्यताको ४८ प्रतिशत र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान<br>– निजी क्षेत्रको साझेदारीमा दृश्यावलोकनबाट आ.ब( २०७७/७८ मा १ करोड २ लाख ३३ हजार प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान<br>– निजी क्षेत्रको साझेदारीमा फोहरमैला व्यवस्थापन शुल्क वापत आ.ब २०७७/७८ मा १० करोड प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२२१ | न्यायिक दस्तुर | | आ.व. २०७७/७८ मा १० लाख र त्यसपछि क्रमश ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | विद्यालय इजाजत, परिक्षा आदि क्षेत्रबाट आ.व. २०७७/७८ मा ५० लाख र त्यसपछि ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | वोलपत्र, निवेदन दस्तुर, अमिन जस्ता प्रशासनिक सेवा शुल्कबाट आ.व. २०७७/७८ मा १० लाख र त्यसपछि क्रमश ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२४१ | पार्किङ्ग शुल्क | ३,५२,८० | ठेक्का मार्फत आय संकलन हुने हुनाले आ.व. २०७७/७८ मा सम्भाव्यताको ६० प्रतिशत र र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४२ | नक्सापास दस्तुर | | आ.व. २०७७/७८ मा आर्थिक मन्दीको कारणले भवन निर्माणमा कमी आउनसक्ने सम्भावना भएकोले नियमित तर्फ रु १० करोड र पुराना नक्सा नियमित गर्दा करिव २० करोड थप भई जम्मा ३० करोड, २०७८/७९ मा २५ करोड र त्यसपछि वार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४३ | सिफारिश दस्तुर ( प्रमाणित समेत) | | आ.व. २०७७/७८ मा रु ११ करोड र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | आ.व. २०७७/७८ मा रु १० लाख र त्यसपछि वार्षिक ५ प्रतिशत कम हुँदै जाने अनुमान |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | आ.व. २०७७/७८ मा रु २५ लाख संकलन हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | आ.व. २०७७/७८ मा रु ५ करोड संकलन हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०७७/७८ मा कूल सम्भाव्यता (रु हजारमा) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| १४२५३ | व्यबसाय रजिष्ट्रेशन दस्तुर | | साना तथा घरेलु उद्योग रजिष्ट्रेशन तथा नवीकरण दस्तुरबाट आ.व. २०७७/७८ मा २० लाख र त्यसपछि ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२५४ | रेडियो, एफएम सञ्चालन दस्तुर | | रेडियो एफएम सञ्चालन अनुमति तथा नवीकरण वापत आ.व. २०७७/७८ मा २ लाख र त्यसपछि त्यसपछि क्रमश ५ प्रतिशतका दरले बृद्धि हुँदै अनुमान |
| १४२६५ | अन्य क्षेत्रको आय ( सामुदायिक वनको आय समेत) | | आ.व. २०७७/७८ मा रु ७ लाख संकलन हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | आ.व. २०७७/७८ मा रु ५० लाख संकलन हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४३१३ | धरौटी सदरस्याहा | | एकमुष्ट वार्षिक रु ५ लाख अनुमान |
| १४५२९ | अन्य राजस्व | | माथि नपरेका अन्य शीर्षकबाट वार्षिक ५० लाख प्राप्त हुने अनुमान |
| १४६११ | व्यबसाय कर | २२,२५,५३ | आ.व. २०७७/७८ मा व्यबसाय करको समायोजनको कारणले सम्भाव्यताको ६० प्रतिशत, आ.व. २०७८/७९ मा सम्भाव्यताको ७५ प्रतिशत र त्यसपछि क्रमश १० प्रतिशतका दरले बृद्धि हुँदै जाने । |
| १५१११ | बेरुजु | | एकमुष्ट वार्षिक रु ५ लाख अनुमान |
| १५११२ | निकासा फिर्ता | | एकमुष्ट वार्षिक रु ५ लाख अनुमान |
| १५११३ | अनुदान फिर्ता | | एकमुष्ट वार्षिक रु ५ लाख अनुमान |

## ६.३ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी महानगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

## तालिका १७: चालु आ.व.को अनूमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण

रु '०००

| राजस्व संकेत | शीर्षक | यथार्थ आय | बजेट अनुमान | संशोधित अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५।७६ Ω | आ.व. २०७६।७७ | आ.व. २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
| | **राजस्व तथा अनुदान** | ४,४६५,०५४ | ५,४०७,५०६ | ३,७४७,९२१ | ४,७७०,५९८ | ५,०२९,१९४ | ५,३६३,०६३ |
| | **संघीय सरकार** | **२,५८७,००५** | **२,०२३,५४०** | **२,०९६,२००** | **२,२००,९००** | **२,३०५,९४५** | **२,४१६,२४२** |
| १३३११ | समानीकरण अनुदान | ६१४,४०० | ६००,२०० | ६००,२०० | ६००,९०० | ६३०,९४५ | ६६२,४९२ |
| १३३१२ | सशर्त अनुदान चालु | १,३०६,७५५ | १,१७३,३४० | १,३८०,००० | १,५००,००० | १,५७५,००० | १,६५३,७५० |
| १३३१४ | विशेष अनुदान चालु | | | ६८,००० | | | |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | ११४,५९९ | २५०,००० | ४८,००० | १००,००० | १००,००० | १००,००० |
| १३३१८ | अन्य अनुदान चालु | ४८१,३४२ | | | | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ६९,९०८ | | | | | |
| | **प्रदेश सरकार** | **३६,२७५** | **५१,४४४** | **४६,४६५** | **७८,०००** | **८१,९००** | **८५,९९५** |
| १३३११ | समानीकरण अनुदान | २०,५७३ | २१,४४४ | २१,४०० | २२,००० | २३,१०० | २४,२५५ |
| १३३१२ | सशर्त अनुदान चालु | | २०,००० | २०,००० | २१,००० | २२,०५० | २३,१५३ |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | १५,७०२ | | | ५,००० | ५,२५० | ५,५१३ |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | १०,००० | ५,०६५ | १०,००० | १०,५०० | ११,०२५ |
| १३३१४ | विशेष अनुदान चालु | | | | २०,००० | २१,००० | २२,०५० |
| | **अन्य आन्तरिक अनुदान** | **२४६,३२२** | **१२२,५००** | **४०,०००** | **३०,०००** | **३१,५००** | **३३,०७५** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | १२२,५०० | १०,००० | ३०,००० | ३१,५०० | ३३,०७५ |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | २४६,३२२ | | ३०,००० | ० | ० | ० |
| | **राजस्व बाँडफाँट** | **५६७,०४२** | **४५८,१३९** | **६२६,७३९** | **७२६,३००** | **७८७,६१५** | **८५५,७४६** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २७०,८८२ | | २५०,००० | २५०,००० | २८७,५०० | ३३०,६२५ |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | २८४,६१८ | ३३९,९०० | २५०,००० | ३०६,४०० | ३२१,७२० | ३३७,८०६ |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त:शुल्क | | ८०,००० | ६०,००० | ८०,००० | ८४,००० | ८८,२०० |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | | | ० | ५०० | ५२५ | ५५१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | | ० | ५,००० | ५,२५० | ५,५१३ |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | | ० | ५,००० | ५,२५० | ५,५१३ |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | ३८,२३९ | ३८,२३९ | ४५,००० | ४७,२५० | ४९,६१३ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | २,८०८ | | ३,५०० | ५,००० | ५,२५० | ५,५१३ |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ८,७३३ | | २५,००० | २९,४०० | ३०,८७० | ३२,४१४ |
| | **आन्तरिक स्रोत** | **१,०२८,४१२** | **२,७५१,८८३** | **९३८,५१७** | **१,७३५,३९८** | **१,८२२,२३४** | **१,९७२,००५** |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | १३४,५२० | १३०,००० | १३०,००० | २९८,८४५ | ३२८,७३० | ३६१,६०२ |
| ११३१४ | भूमि कर/मालपोत | ५९,३७० | १३०,००० | १००,००० | १४६,०३३ | १६०,६३६ | १७६,७०० |
| ११३२१ | घर बहाल कर | ६७,४७५ | १००,००० | १००,००० | २३१,२५० | २५४,३७५ | २७९,८१२ |
| ११३२२ | बहाल विटौरी कर (शुल्क) | ४६६ | १,००० | १७६ | १,५०० | ८,७७७ | ९,२१६ |
| ११४५१ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा) | ८२ | | ० | ० | ० | ० |
| ११४७९ | अन्य मनोरंजन कर | | ५६,००० | | ० | ० | ० |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | २,००० | ० | ० | ० | ० |
| ११६३२ | आखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जीवजन्तु कर) | ७,००० | २०,००० | ३०,००० | २१,६०० | २२,६८० | २३,८१४ |
| ११६९१ | अन्य कर | | ५०,७५७ | | ० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (सम्पत्ति भाडा) | २१,४३५ | २५,००० | १०,००० | २६,८१९ | २८,१६० | २९,५६८ |
| १४१९१ | पर्यटन शुल्क | ४,९२० | २०,००० | ९,००० | ८,०१५ | ९,२१७ | १०,६०० |
| १४२११ | कृषि उत्पादनको विक्रीवाट प्राप्त रकम | | ५०० | | | | |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम | | ५०० | | ५०० | ५०० | ५०० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (फाराम, घरनम्वर प्लेट, पुस्तक, नक्सा आदि) | ४,८९७ | | | ५०,००० | ५२,५०० | ५५,१२५ |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री (दृश्यावलोकन, फोहरमैला व्यवस्थापन तथा ढुङ्गा, वालुवा, माटो, काठ विक्री समेत) | २३१,६४० | ६५२,००० | २००,००० | ३१०,७३७ | ३२६,२७४ | ३४२,५८७ |
| १४२२१ | न्यायिक दस्तुर | | १,००० | ५०० | १,००० | १,०५० | १,१०३ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | ६०,२०० | १०० | ५,००० | ५,२५० | ५,५१३ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (वोलपत्र, अमिन, दर्ता आदि) | | ५०० | ५०० | १,००० | १,०५० | १,१०३ |
| १४२४१ | पार्किङ्ग शुल्क | २२६ | १५,००० | ६,३०० | २१,१६८ | २२,२२६ | २३,३३८ |
| १४२४२ | नक्सापास दस्तुर | १२४,८१४ | ७००,००० | १५०,००० | ३००,००० | २५०,००० | २७५,००० |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | ६४,८६३ | १२५,००० | १००,००० | ११०,००० | ११५,५०० | १२१,२७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५९८ | २,००० | ५०० | १,००० | ९५० | ९०३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २,४३३ | २,२०९ | ५०० | २,५०० | २,६२५ | २,७५६ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | ८,९७७ | १६७,७१७ | १४,००० | ५०,००० | ५२,५०० | ५५,१२५ |
| १४२५३ | व्यवसाय रजिश्ट्रेशन दस्तुर | | १३०,००० | ६०,००० | २,००० | २,१०० | २,२०५ |
| १४२५४ | रेडियो, एफएम सञ्चालन दस्तुर | १६७ | २,००० | २०० | २०० | २१० | २२१ |
| १४२६५ | अन्य क्षेत्रको आय (सामुदायिक वनको आय समेत) | | ३५१,००० | ० | ७०० | ७३५ | ७७२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,८७१ | ६,००० | ४,७०० | ५,००० | ५,२५० | ५,५१३ |
| १४३१३ | धरौटी सदरस्याहा | ३९ | | ५०० | ५०० | ५२५ | ५५१ |
| १४५२१ | प्रदूषण नियन्त्रण शुल्क | | १,००० | ० | ० | ० | ० |
| १४५२९ | अन्य राजस्व | २३७,९१० | ५०० | २०,००० | ५,००० | २,००० | २,००० |
| १४६११ | व्यवसाय कर | ५३,७५३ | | | १३३,५३२ | १६६,९१५ | १८३,६०६ |
| १५१११ | बेरुजु | | | ४१ | ५०० | ५०० | ५०० |
| १५११२ | निकासा फिर्ता | ९५५ | | १,५०० | ५०० | ५०० | ५०० |
| १५११३ | अनुदान फिर्ता | | | | ५०० | ५०० | ५०० |
| | **वित्तीय सम्पत्ति तथा दायित्व** | **१६१,२३७** | **३२०,०००** | **०** | **०** | **०** | **०** |
| ३२१२१ | नगद | १६१२३७ | २२०,००० | | | | |
| ३२१२२ | बैंक मौज्दात | | | | | | |
| ३३१४३ | अन्य संस्थाहरुवाट ऋण प्राप्ति | | १००,००० | | | | |
| ३३१८२ | तिर्नुपर्ने विभिन्न अन्य खाताहरु | | | | | | |
| | **जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व** | **४,६२६,२९१** | **५,७२७,५०६** | **३,७४७,९२१** | **४,७७०,५९८** | **५,०२९,१९४** | **५,३६३,०६३** |

नोटः Ω आ.व. २०७५।७६ को आय विवरणलाई वर्तमान शीर्षकको बर्गीकरण र व्याख्या अनुसार समायोजन गरिएको ।

## ७. निष्कर्ष तथा सुझावहरु

### ७.१ महानगरपालिकाको आय संक्षेपमा

महानगरपालिकाको गत आ.व. को यथार्थ, चालु वर्षको संशोधित अनुमान तथा आगामी आ.व. कोलागि आय प्रक्षेपणको तुलनात्मक विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका १८: महानगरपालिकको आय संक्षेपमा**

रु हजारमा

| क्र.सं. | शीर्षक | आ.व. २०७५।७६ यथार्थ | | आ.व. २०७६।७७ को संशोधित अनुमान | | आ.व. २०७७।७८ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | **अनुदान** | २,८६,९६,०१ | ६२ | २,१८,२६,६५ | ५८ | २,३०,८९,०० | ४८ |
| | संघीय सरकार | २,५८,७०,०५ | ५६ | २,०९,६२,०० | ५६ | २२,००,९०० | ४६ |
| | प्रदेश सरकार | ३,६२,७५ | १ | ४,६४,६५ | १ | ७,८०,०० | २ |
| | अन्य आन्तरिक अनुदान | २४,६३,२२ | ५ | ४,००,०० | १ | ३,००,०० | १ |
| २ | **राजस्व बाँडफाँट** | ५६,७०,४२ | १२ | ६२,६७,३९ | १७ | ७२,६३,०० | १५ |
| ३ | **आन्तरिक आय** | १,०२,८४,१२ | २२ | ९३,८५,१७ | २५ | १,७३,५३,९८ | ३६ |
| ४ | **नगद सम्पत्ति तथा दायित्व** | १६,१२,३७ | ३ | ० | ० | ० | ० |
| | **जम्मा** | ४,६२,६२,९१ | १०० | ३,७४,७९,२१ | १०० | ४,७७,०५,९८ | १०० |

प्रस्तुत विवरण अनुसार महानगरपालिकाको आन्तरिक आयको हिस्सा गत आ.व. मा २२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा २५ प्रतिशत मात्र हुने अनुमान गरिएको छ, जसको मुख्य कारणमा कोभिड १९ को कारणले महानगरको राजस्व संकलनमा पारेको तथा पार्न सक्ने प्रभावलाई लिन सकिन्छ । राजस्व सुधार योजनाको कार्यान्वयनबाट महानगरको आगामी आर्थिक वर्षको आन्तरिक आय परिचालनमा सुधार आउने हुनाले आगामी आर्थिक वर्षमा आन्तरिक आयको रकम तथा हिस्सा बढ्न गई ३६ प्रतिशत हुने अनुमान छ । महानगरको आगामी आर्थिक वर्षको आय प्रक्षेपण गर्दा कोभिड १९ को कारणले पार्नसक्ने प्रभावलाई पनि मध्यनजर गरिएको छ । यद्यपी, कोभिडको कारणले आर्थिक कारोवारमा भएको असर दीर्घकालिन भएमा यसले महानगरपालिकाको आयमा ठूलो असर पार्ने देखिन्छ ।

### ७.२ महानगरपालिकाको आन्तरिक आयमा मुख्य स्रोतहरु

राजस्व सुधार योजनाको कार्यान्वयन पश्चात महानगरपालिकाले आय आर्जन गर्न सक्ने आन्तरिक आयका प्रमुख ५ वटा स्रोतहरु र सो बाट गरिएको आय निम्नानुसार देखिएको छ ।

**तालिका १९: महानगरपालिकाको आन्तरिक आयका मुख्य स्रोतहरु संक्षेपमा**

| आम्दानीको स्रोत | आ.ब. २०७७।७८ को अनुमान (रु हजारमा) | आन्तरिक आयको अंश |
|---|---|---|
| अन्य सेवा शुल्क तथा विक्री (दृश्यावलोकन, फोहरमैला व्यवस्थापन तथा ढुङ्गा, वालुवा, माटो, काठ विक्री समेत) | ३१,०७,३७ | १८ |
| नक्सापास दस्तुर | ३०,००,०० | १७ |
| एकीकृत सम्पत्ति कर (सम्पत्ति कर) | २९,८८,४५ | १७ |
| घर बहाल कर | २५,४३,७५ | १५ |

| | | |
|---|---|---|
| भूमि कर/मालपोत | १४,६०,३३ | ८ |
| अन्य आन्तरिक आय | ४२,५४,०९ | २५ |
| **जम्मा आन्तरिक आय** | **१,७३,५३,९८** | १०० |

## ७.३ राजस्व प्रशासन सुधारका प्राथमिकताहरु

महानगरको आन्तरिक आय संकलनमा सुधार ल्याउनका लागि आयका मुख्य स्रोतहरुमा विशेष ध्यान दिनुका साथै राजस्व प्रशासन प्रणालीमा सुधार ल्याउन जरुरी हुन्छ । राजस्व सुधार कार्ययोजनाको आधारमा महानगरपालिकाले ध्यान दिनुपर्ने मुख्य क्षेत्रहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

**प्राकृतिक स्रोत (ढुङ्गा, वालुवा, गिट्टी) को बिक्री तथा पर्यटकीय स्थलहरुबाट आय परिचालनः** महानगरपालिकाको मुख्य आयको सम्भाब्य स्रोतमा अन्य सेवा शुल्क तथा बिक्री रहेको छ, जसको मुख्य हिस्सा प्राकृतिक स्रोत (ढुङ्गा, वालुवा, गिट्टी) को बिक्रीले ओगटेको छ । महानगरपालिकामा रहेका खानीहरुको समयमै गुणस्तरीय रुपमा प्रारम्भिक वातावरणीय परीक्षण गरी बिक्री स्थान तथा परिमाण निश्चित गर्ने, बजार मूल्यको आधारमा बिक्री दर निर्धारण गर्ने, समयमै बिक्री सम्वन्धी प्रक्रिया सम्पन्न गर्ने तथा उत्खनन कार्यको निरन्तर अनुगमन गरी उत्खनन परिमाण प्रमाणित गर्ने कार्यलाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ । यसका अतिरिक्त पर्यटकीय स्थलहरुको परिचालन गरी राजस्वको दायरा बढाउनेतर्फ कार्य गर्नुपर्ने पनि देखिन्छ ।

**नक्सापास दस्तुरः** चालु आ.व.को लागि महानगरपालिकाको दास्रो मुख्य आयको स्रोतमा नक्सापास दस्तुरलाई अनुमान गरिएको छ । भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि, २०७६ को प्रावधान अनुसार आगामी आर्थिक वर्षमा नक्सापास नभइ निर्माण भएका पुराना भवनहरुको नक्सापास भई नक्सापास दस्तुरको आयमा उल्लेख्य बृद्धि हुने अपेक्षा गरिएको छ । यसकोलागि महानगरपालिकाले नक्सापासको दायरामा नआएका भवनहरुलाइ दायरामा ल्याउन विशेष अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**सम्पत्ति कर तथा घरजग्गा बहाल प्रणालीमा सुधारः** महानगरको सम्भावित आन्तरिक आयको करिव ३२ प्रतिशत हिस्सा यी दुई करले ओगट्ने देखिन्छ । दुबै कर प्रणालीमा सुधारका लागि सम्पत्ति वा भाडाको मूल्याङ्कन प्रणालीमा सुधार, करको दरमा पुनरावलोकन गरी प्रगतिशील करको दर निर्धारण र अभिलेख प्रणालीमा सुधार मुख्य पक्षहरु रहेका छन् ।

**राजस्व संकलन कार्यविधिहरुको तर्जुमाः** राजस्व संकलन कायलाई ब्यवस्थित गर्न तथा एकरुपताकालागि आयका मुख्य स्रोतहरु जस्तो सम्पत्ति कर, बहाल कर, प्राकृतिक स्रोत (ढुङ्गा, वालुवा, गिट्टी) को बिक्री, विज्ञापन कर, व्यबसाय कर आदिको विवरण संकलन, मूल्यांकन, कर निर्धारण, अभिलेख व्यवस्था, सहुलियत, जरिवाना, खारेजी आदि कार्यको प्रक्रियागत स्पष्टताका लागि कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

**राजस्व प्रशासनमा सुधारः** राजस्व प्रशासनमा सुधारका लागि राजस्वको अभिलेख तथा संकलनका लागि एकीकृत सफ्टवयर प्रणालीको विकास गरी करदाताहरुलाई निजले तिर्नुपर्ने कर रकमवारे अग्रिम जानकारी गराउने व्यवस्था आवश्यक देखिन्छ । साथै महानगरपालिकाको राजस्व संङ्कलनमा वडा कार्यालयको भूमिका महत्वपूर्ण भएकोले वडामा कार्यरत कर्मचारीहरुलाई कर प्रशासन तथा सफ्टवयर सञ्चालन तालिम र आवश्यक भौतिक सुविधाहरुको व्यवस्था गर्न आवश्यक देखिन्छ ।

**राजस्वका स्रोतहरुको सम्भाव्यता अध्ययनः** महानगरपालिकाका राजस्वका स्रोतहरु र तिनीहरुबाट संकलन हुनसक्ने आयको निर्क्यौल गर्न सम्भाव्यता अध्ययन टोली गठन गरी प्राप्त प्रतिवेदनको आधारमा आयको प्रक्षेपण गर्न उपयुक्त देखिन्छ । महानगरका पर्यटकीय क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरु, सवारी पार्किङ्ग, सार्वजनिक र निजी सम्पत्तिमा रहेका विज्ञापन बोर्डहरु, थोकमा फोहर उत्पादनकर्ता, सामुदायिक वनका उत्पादन तथा बिक्री जस्ता आयका स्रोतहरुको थप अध्ययन गरी सोको आधारमा राजस्व परिचालन नीति तर्जुमा गर्नुपर्ने देखिन्छ ।

**निजी क्षेत्रको साझेदारीः** महानगरपालिका क्षेत्रमा निजी क्षेत्रसंगको साझेदारीमा प्रदान गर्न सकिने सेवाहरुको पहिचान गरी निजी क्षेत्रको सहभागीताका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी निजी क्षेत्रको सहभागीताका लागि प्रस्ताव आह्वान गर्न आवश्यक देखिन्छ । निजी क्षेत्रको सहभागीतामा सञ्चालन गर्न सकिने योजनाहरुमा माछा, कृषि तथा फलफुल बजार केन्द्र, आधुनिक पशुवधशाला, सडक वत्तिमा डिजिटल विज्ञापन पाटी, सफा सार्वजनिक यातायात, पर्यटकीय आकर्षणका केन्द्र (खेल, दृश्यावलोकन आदि), बसपार्क आदि हुन सक्दछन् ।

**राजस्व परीक्षणः** राजस्वको अभिलेख सही रुपमा राखिएको, सही तरिकाले कर तथा शुल्क निर्धारण भएको, बक्यौताको अभिलेख सही तरिकाले राखिएको, सही तरिकाले राजस्व संकलन भएको, तोकिए वमोजिम राजस्व संकलन भएको, संकलित राजस्व सम्वन्धित खातामा सही रुपमा कार्यालयमा दाखिला भएको जस्ता विषयलाई यकीन गर्न राजस्व परीक्षणको भूमिका महत्वपूर्ण हुन्छ । महानगरका राजस्व संकलन केन्द्रहरुको संख्या उल्लेख्य भएकोले राजस्व परीक्षण सुदृढ हुन आवश्यक देखिन्छ ।

## ७.४ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन

सहभागीतात्मक पद्धति अपनाई तर्जुमा गरिएको तालिका १५ मा दिइएको राजस्व सुधार कार्ययोजना कार्यान्वयनका लागि महानगरपालिकाले राजस्व सुधार कार्यक्रमलाई ब्यय वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक हुन्छ । कार्ययोजनामा उल्लेख भएको कार्य सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरे बमोजिमको आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजना अन्तर्गतका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुबाट पनि सहयोग लिन सकिन्छ । महानगरपालिकाको आफ्नो वार्षिक योजना तथा बजेटमा राजस्व सुधार कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालनका लागि बजेट व्यवस्था गर्न आवश्यक देखिन्छः

- राजस्व कम्प्युटर सफ्टवर प्रणालीमा सुधार, मर्मत तथा संचालन तालिम
- वडाहरुलाई आवश्यक पर्ने उपकरण तथा सामग्रीहरुको व्यवस्था
- मुख्य आयका स्रोतहरुको व्यवस्थापनकोलागि कार्यविधिहरु तर्जुमा
- कर शिक्षा कार्यक्रम तथा कर संकलन टोली परिचालन
- कर्मचारीहरुको क्षमता विकास
- कर्मचारी प्रोत्साहन प्याकेज
- राजस्वका स्रोतहरुको विस्तृत सम्भाव्यता अध्ययन
- आय मूलक सेवाको स्थापनामा निजी क्षेत्रको साझेदारीकोलागि विस्तृत परियोजना प्रस्ताव तर्जुमा
- राजस्व संकलनको अनुगमन तथा राजस्व परीक्षण

## ७.५ कोभिड १९ को कारणले घोषित बन्दाबन्दीको प्रभावलाई संबोधन गर्न प्रस्तावित राजस्व नीति

कोभिड १९ को प्रभावको कारणले २०७६ चैत्र ११ गते देखि वैशाख २५ सम्म भएको बन्दाबन्दी र वैशाख २५ देखि जेष्ठ २० गते सम्म केही राहत सहितको बन्दाबन्दीले करदाताहरुको कारोवार तथा व्यबसायमा पारेको प्रभावलाई मध्य नजरगरी महानगरपालिकाले करदाताहरुको सहुलितका लागि राजस्व नीति तर्जुमा गर्नुपर्ने देखिन्छ । नेपाल सरकारको २०७६ चैत्र १६ गतेको कोभिड १९ को कारणले प्रभावित क्षेत्रको राहत योजना अनुसार बन्दाबन्दी

अवधिको असंगठित क्षेत्रमा काम गर्ने श्रमिकको घरबहाल छुट दिने र बन्दाबन्दी अवधिमा घरबाट निकाल्न नपाउने व्यवस्था गरिएको थियो । त्यसैगरी स्थानीय तहहरुले मिनाहा गरिएको घरभाडामा बहाल कर लिन नपाउने व्यवस्था भएको थियो । यसका अतिरिक्त महानरपालिकाले बन्दका कारणले बढी प्रभावित भएका क्षेत्रका करदाताहरुको सहुलियतका लागि लिनसक्ने राजस्व नीतिका लागि निम्न सुझाव दिइएको छः

**सम्पत्ति बहालः** महानगरपालिकाले भाडामा दिइएका शटर तथा भवनहरुको बन्दाबन्दी अवधिको भाडा छुट दिने । बहालमा लिने कुनै व्यक्तिले सो अवधिको भाडा भुक्तानी गरिसकेको भएमा २०७७ सालको पहिलो चौमासिक भित्रको भाडामा समायोजन गर्ने ।

**घरबहाल करः** बन्दाबन्दीको कारणले नगरक्षेत्रका ब्यापरिक कारोवार बन्द प्रायः रहेकाले सो अवधिको घरबहाल कर तिर्ने दायित्व भएका सबैलाई सो अवधिको घरबहाल कर छुट दिने । यसरी दिइएको छुट रकम घरधनीले बहालमा बस्नेसँग लिन नपाउने । कुनै करदाताले सो अवधिको बहाल कर नगरपालिकामा अग्रिम भुक्तानी गरीसकेको भए आ.व. २०७७।७८ सालको पहिलो ४ महिना भित्र समायोजन गरि सक्नु पर्ने ।

**व्यबसाय करः** बन्दाबन्दीको कारणले नगरक्षेत्रका ब्यापारिक कारोवार बन्द प्राय रहेकाले सो अवधिको व्यबसाय कर तिर्ने दायित्व भएका सवैलाई दामासाहीले हुन आउने रकम बराबर वार्षिक करमा छुट दिने । यसरी पाउने छुट आ.व. २०७७।७८ को व्यबसाय कर दाखिला गर्दा मिलान गरीने । करदाताले यस्तो छुट रकम आ.व. २०७७।७८ को सालको पहिलो ४ महिना भित्र समायोजन गरि सक्नु पर्ने ।

**आय ठेक्काः** महानगरपालिकाले आय ठेक्कामा दिएका तर बन्दको कारणले प्रत्येक्ष प्रभाव पारेका क्षेत्रमा बन्दाबन्दी भए जति अवधि थप गरी ठेक्का अवधि थप गर्न सकिने । प्रत्येक्ष प्रभाव पारेको क्षेत्र भन्नाले बन्दका कारणले ग्राहक उपस्थित हुन नसकी सेवा वा वस्तु बिक्री नभएको अवस्थालाई जनाउँछ, जस्तो पार्किङ्ग शुल्क, दृश्यावलोकन शुल्क, पर्यटक प्रवेश शुल्क आदि ।